Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ३१, २०७७ साल वैशाख ९ गते मंगलबार (April,21, 2020) www.janaakash.com.np मुल्य रू १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

**सूचना**

जन आकाश राष्ट्रिय साप्ताहिक विगत लामो समयदेखि निरन्तर प्रकाशित भइरहेको जानकारी गराउँदै आएका छौं । विश्व कोरोनो भाइरस (कोभिड-१९)ले आक्रान्त भइरहेको बेला नेपाल पनि यसमा अछुतो रहन सकेन । त्यसैले यस लकडाउन अवधिभरी यस साप्ताहिकले पाठक सामु रङ्गिन निकाल्न नसकेको हुँदा त्यसमा आम पाठक वर्ग, विज्ञापनदाता, शुभेच्छुकहरुलाई जानकारी गराउँदै यस लकडाउन अवधिभर श्याम स्वेतमा प्रकाशित गर्न बाध्य भएका छौं ।

सम्पर्कः ४१६७५७८ (बागबजार), मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# प्रधानमन्त्रीद्वारा पारिश्रमिक नलिने उद्घोष



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पारिश्रमिक नलिने उद्घोष गरेका छन् । 'कोभिड-१९, प्रधानमन्त्री राहत कोष'मा उनले आफ्नो पारिश्रमिक जम्मा गर्ने बताएका छन् । कोरोना भाइरसको संक्रमण नियन्त्रण गर्न सबै राजनीतिक दल र नेपाली एकजुट हुनुपर्ने शुभकामना सन्देशमा उल्लेख छ । 'मुलुकको कार्यकारी प्रमुखका हैसियतले कोरोना महामारी समाप्त नभएसम्म मैले आफ्नो पारिश्रमिक 'कोभिड-१९, प्रधानमन्त्री राहत कोष'मा जम्मा गर्ने निर्णय गरेको छु,' प्रधानमन्त्रीले भने ।

प्रधानमन्त्री ओलीले अगाडि भनेका छन्, 'मैले पटक-पटक भन्दै आएको छु, यो युद्ध सबैको बलियो एकतामा जितिने युद्ध हो । विश्वव्यापी यस संकटको समाधान विश्वव्यापी प्रयास, साझेदारी र सहयोगबाट मात्र सम्भव छ ।' देशभित्रको संकट व्यवस्थापनमा एकताबद्ध राष्ट्रिय प्रयास सर्वोपरि हुनुपर्ने बताउँदै उनले मुलुक प्रगतिमा रहेको बेला हुने उपलब्धिको न्यायोचित वितरण र अप्ठ्यारोमा हुने क्षतिको सह-भारवहन सबैले नै मिलेर गर्नुपर्ने बताएका छन् ।

विश्व बैंकबाट कोरोना संक्रमण रोकथाम आपतकालीन सहयोगका लागि २९ मिलियन अमेरिकी डलर बराबरको सहायता सम्झौता भएको जानकारी दिँदै उनले विभिन्न शीर्षकमा विश्व बैंकसहित विभिन्न साझेदार संस्थाबाट १ हजार ५ सय ६३ मिलियन अमेरिकी डलरबराबरको रकमको व्यवस्था भइसकेको बताएका छन् । परम्परागत सहायता नीति, कार्यक्रम तथा सहायताका उपकरणबाट मात्र अहिलेको संकटको समाधान हुन नसक्ने स्पष्ट गर्दै उनले नवीन सहायता नीति, कार्यक्रम र सहायता उपकरणबाट मात्र नेपाल जस्तो जोखिमयुक्त देशले संकटमाथि विजय हासिल गरेर अगाडि बढ्नुपर्ने बताएका छन् ।

नियमित रूपमा उपलब्ध भइरहेकोभन्दा थप स्रोत साधन अपरिहार्य भएकाले विकास सहायताको प्रकार, विधि, सर्त तथा ऋणको लागत एवं प्रक्रियालाई परिमार्जन र सरलीकृत गर्न सरकारले पहल गरिरहेको छ । विश्वव्यापी आर्थिक मन्दीका कारण वैदेशिक रोजगारी गुम्न सक्ने जोखिममा रहेका र मुलुकभित्रै बेरोजगार रहेका युवाहरूलाई केन्द्रित गरेर रोजगारीका कार्यक्रम लागू गर्ने नीति सरकारले अपनाउने उनले बताएका छन् ।

कृषि, साना तथा मझौला उद्योगका अतिरिक्त स्वरोजगारीका नयाँ सम्भावनाको खोजी गर्न सम्बन्धित क्षेत्रका व्यवसायी, विशेषज्ञहरू र स्वयं युवाहरूसँग मिलेर ठोस योजना सरकारले ल्याउने प्रतिबद्धता उनले व्यक्त गरेका छन् । कोरोना भाइरसबाट

बाँकी ८ पृष्ठमा

# राष्ट्रपति भण्डारीद्वारा दुई अध्यादेश जारी




काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले दुई अध्यादेश जारी गर्नुभएको छ । राष्ट्रपति भण्डारीले 'संवैधानिक परिषद् काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी पहिलो संशोधन अध्यादेश, २०७७ र राजनीतिक दलसम्बन्धी दोस्रो संशोधन अध्यादेश, २०७७ जारी गर्नुभएको हो । राष्ट्रपति कार्यालयका सहायक प्रवक्ता केशवप्रसाद घिमिरेले आज जारी गर्नुभएको प्रेस विज्ञप्तिमा राष्ट्रपति भण्डारीले नेपालको संविधानको धारा ११४ को उपधारा ९१० बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा उक्त दुई अध्यादेश जारी गर्नुभएको उल्लेख छ ।

# बिरामी रोग पाल्न बाध्य

काठमाडौं । कोभिड-१९ को जोखिम बढेसँगै अन्य प्रकृतिका बिरामी रोग पालेर बस्न बाध्य भएका छन् । गम्भीर प्रकृतिका रोग लागेका बिरामीका लागि अस्पतालको आकस्मिक सेवा खुले पनि उपचार नपाउँदा रोग पालेर बस्न बाध्य हुनु परेको छ । सरकारले ओपीडी सेवा बन्द नगर्न पत्राचार गरे पनि अहिले अधिकांश अस्पतालका ओपीडी सेवा बन्द छन् । निजी अस्पतालले सहज तरिकाले सेवा दिएका छैनन् । मुख्यतः दीर्घ तथा विभिन्न प्रकृतिका रोगले ग्रसित बिरामीको नियमित चेकजाँचमा सकस बाँकी ८ पृष्ठमा

# राहत वितरण गरेर नेविसंघले ५१औं स्थापना दिवस मनाउने



काठमाडौं । नेपाली काँग्रेसको सबैभन्दा प्रभावशाली भातृ संस्था नेपाल विद्यार्थी सङ्घ स्थापनाको ५० वर्ष पूरा गरी ५१औं वर्षगाँठ मनाउने भएको छ ।

२०२७ वैशाख ६ गते स्थापना भएको नेविसङ्घले स्थापनाकालदेखि नै मुलुकका हरेक राजनीतिक र शैक्षिक आन्दोलनमा अहम् भूमिका निर्वाह गर्दै आएको छ । तत्कालीन समयमा दलीय राजनीतिलाई प्रतिबन्ध लगाइएको बेलामा काँग्रेसले आफ्नो बहुदलीय एजेण्डालाई स्थापना गराउने उद्देश्यले आफ्नो विचारसँग सहमत विद्यार्थीलाई शैक्षिक एजेण्डामा टेकेर आन्दोलन गर्न नेविसङ्घको स्थापना भएको थियो । काँग्रेसका नेता उत्पादन गर्ने नर्सरीका रूपमा समेत रहेको नेविसङ्घलाई पार्टीमा ठूलो महत्वका साथै लिने गरिएको छ । त्यही भएर नेविसङ्घको नेतृत्व आफ्नो पक्षको बनाउने विषयमा काँग्रेस नेताहरुबीच बेला-बेलामा विवादसमेत हुने गरेको छ । काँग्रेसको हालको नेतृत्वमा रहेका अधिकांश नेता पनि नेविसङ्घको राजनीतिबाटै उदाएका हुन् ।

नेविसङ्घमा हालसम्म विपिन कोइराला, शेरबहादुर देउवा, विमलेन्द्र निधि, बलबहादुर केसी, बालकृष्ण खाँण, एनपी साउद, धनराज गुरुङ, गोविन्द भट्टराई, विश्वप्रकाश शर्मा, गुरुराज घिमिरे, किशोरसिंह राठौर, केशव सिंह, महेन्द्र शर्मा, प्रदीप पौडेल, कल्याण गुरुङ, रञ्जित कर्ण र नैनसिंह महर अध्यक्ष भइसकेका छन् ।

नेविसङ्घको ५१औं वर्ष प्रवेशको अवसरमा अध्यक्ष राजीव ढुङ्गानाले शैक्षिक, सामाजिक र राजनीतिक क्षेत्रमा रहेका विकृति तथा विसङ्गतिविरुद्ध खबरदारी गर्दै शिक्षा र ज्ञान प्राप्तिका दिशामा उत्साहका साथ अघि बढ्न प्रेरणा र ऊर्जा मिलोस् भनेर सम्पूर्ण विद्यार्थीमा शुभकामना व्यक्त गर्नुभएको छ । साथै उहाँले नेविसङ्घद्वारा विगतमा सञ्चालित विभिन्न शैक्षिक तथा राजनीतिक आन्दोलनमा वीरगति प्राप्त गर्ने शहीदहरूलाई स्मरण गर्दै श्रद्धाञ्जलि अर्पण गर्नुभएको छ । कोरोना भाइरसको सङ्क्रमणको विश्व नै सङ्कटमा रहेको घडीमा सिङ्गो राष्ट्र एकजुट भइ महामारीको सामना गर्न आह्वान गर्दै

बाँकी ८ पृष्ठमा

# गाँठो फुकाउँदै सर्वोच्च अदालत



काठमाडौं । सर्वोच्च अदालतले लामो समयदेखि म्याद गुज्रिएका र हदम्याद नाघेका मुद्दालाई कानुनी निकास दिने भएको छ । सर्वोच्चले १९ सदस्यीय बृहत् पूर्ण इजलासमा भएको सुनुवाइको निर्णय सुनाउन ११ जेठमा पेसी तोकेको छ ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाले आफूसहित १९ न्यायाधीशको इजलासमा न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा, प्रकाशमानसिंह राउत, सपना प्रधान मल्ल, तेजबहादुर केसी, पुरुषोत्तम भण्डारी, बमकुमार श्रेष्ठ, टंकबहादुर मोक्तान, प्रकाशकुमार ढुंगाना, सुष्मालता माथेमा, कुमार रेग्मी, हरिप्रसाद फुयाल र मनोजकुमार शर्मालाई तोकेका थिए । सर्वोच्चको इतिहासमा पहिलोपटक १९ सदस्यीय बृहत् पूर्ण इजलासबाट कानुनी अड्चनको विषयमा व्याख्या हुन लागेको हो ।

सर्वोच्चको परिसरमा भएको बृहत् पूर्ण इजलासमा पाँच घण्टासम्म लामो सुनुवाइ भएको थियो । सो इजलासले कोरोना महामारीपछि भएको लकडाउनपछि देखिएको कानुनी अड्चनका कारण रोकिएका मुद्दा र हदम्याद नाघेको मुद्दाको विषयमा व्याख्या गर्नेछ । सर्वोच्च अदालत रिट महाशाखाले आफैंले प्रतिवेदन उठाएर इजलासमा पेस गरेको थियो ।

कोरोना महामारीपछि लामो लकडाउनका कारण कानुनी अड्चन देखिएपछि सर्वोच्चको रिट महाशाखाले २३ वैशाखमा तयार पारेको प्रतिवेदनमाथि २४ वैशाखमा सुनुवाइ गर्दै न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ र प्रकाशकुमार ढुंगानाको इजलासले नेपाल बार र महान्यायाधिवक्ताको कार्यालयबाट लिखित बहस नोट मगाउने, सर्वोच्च बार र नेपाल बारबाट एमिकस क्युरी र मुद्दाको सुनुवाइका लागि पूर्ण इजलासमा पठाउने आदेश गरेको थियो । सोही विवादमा अधिवक्ता टीकाराम भट्टराईले अलग्गै निवेदन दिएका थिए ।

लामो समय लकडाउन हुँदा धेरै मुद्दाको म्याद

बाँकी ८ पृष्ठमा

# अप्ठ्यारोमा परेकालाई सुरक्षित गाउँ पुऱ्याऊ

काठमाडौं । नेपाली काँग्रेसले कोभिड-१९ को जोखिम हुन नदिन जारी लकडाउन लम्बिदै जाँदा अप्ठ्यारोमा परेका सर्वसाधारणलाई पर्याप्त राहत र सुरक्षित ढङ्गले गाउँ पुऱ्याउने व्यवस्था मिलाउन सरकारलाई आग्रह गरेको छ । सयौं किलोमीटर पैदल हिँडेर घर गइरहेका नागरिकलाई राज्यको भरथेग आवश्यक पर्ने काँग्रेसले उल्लेख गरेको छ ।

पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले आज यहाँ विज्ञप्ति जारी गर्दै कोठाभित्र छट्पटिएर र सडकमा तड्पिएर नागरिकको मृत्यु भएको दृश्य मौनतापूर्वक प्रतीक्षा गर्ने समय पनि नभएको उल्लेख गरेका छन् ।

"गाउँमा रहेका नागरिकको स्थिति पनि कष्टकर बन्दै गएको छ । तिनको हृदयको प्रश्न हामी सरकार समक्ष राख्न चाहन्छौं– अहिलेको प्राथमिकता सुकुम्बासीलाई जग्गा कि जाउलो, सरकार ? आयोगलाई अर्बौं रुपैयाँ छुट्याउन सकिन्छ तर सुकुम्बासी,

बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

### सचेतना र सतर्कता बढाऔं

कोरोना महामारीको संक्रमण विश्वव्यापी बढ्दै गएको छ । त्यसमा नेपाल पनि अछुतो रहेको छैन । पछिल्लो अवस्थामा देशभित्र रोकथाम, परीक्षण र नियन्त्रणका लागि गरिएका प्रयास अझै अपुग भएको सर्वत्र महसुस गरिएको छ । प्रारम्भिक चरणका प्रयासहरू महामारीको बढ्दो संक्रमणका बेला अपर्याप्त हुनु स्वाभाविकै पनि हो । सम्भावित संक्रमणलाई मध्यनजर गरेर यसको नियन्त्रणमा मात्रात्मक तथा गुणात्मक दुवै तयारी गरिनु जरुरी थियो तर त्यही हुन सकेन । हाल यही कमजोरीका कारण अनुमान गरिएजस्तो कोरोना संक्रमणको रोकथाम हुनुको सट्टा फैलदै गयो । संक्रमण केही बढी हुन थालेको आभास भएपछि मुख्य गरी दुईवटा कुरामा हाम्रो ध्यान जान नसकेको सबैलाई महसुस भइरहेको छ । त्यो हो, मापदण्डअनुसारको क्वारेन्टाइन नबनाइनु र सीमा क्षेत्र र विदेशबाट स्वदेश फर्कनेको उचित समयमै परीक्षण र आइसोलेसन उपचारको व्यवस्था नहुनु । यसकारण क्वारेनटाइनका नाममा एउटै कोठामा दर्जनौं मानिसलाई थुनेर राखिनु, उनीहरूका लागि श्वासप्रश्वास हुँदा कीटाणु रोक्न सक्ने भरपर्दा मास्क उपलब्ध नहुनु, खाना खाने थाली तथा सुत्नका लागि छुट्टाछुट्टै बेडको व्यवस्था नहुनु, हातमा लगाउने पन्जा र स्यानिटाइजरको व्यवस्था नहुनु, नुहाउने सुविधाको अभाव हुनु, फोहर जलाउने व्यवस्था नहुनु आदिको कारण क्वारेन्टाइन आफैंमा कोरोना संक्रमणका बम बन्दै गए ।

तर, क्वारेन्टाइनमा राखिएका मानिसको स्वास्थ्य परीक्षण भने गरिएको छैन । क्वारेन्टाइनमा १४ दिन बिताएपछि अनुमानका आधारमा उनीहरू संक्रमित नभएको विश्वाससहित आआ□ना देश र घरघर पठाइयो । एकातिर कोरोना रोकथामका नाममा केवल सामान्य औपचारिकता मात्र पूरा गर्ने र अर्कोतिर कोरोनाले देश, काल र हावापानी तथा स्थानीय मानिसको रोग प्रतिरोधात्मक शक्तिअनुसार आफूलाई अनुकूलन बनाउँदै नयाँ रूप र संस्करणमा विकास गर्दै लैजाने गरेकाले रोकथामका लागि जानीजानी आएका मापदण्ड तथा उपायमा परिमार्जन तथा सुधारको आवश्यकता पर्दै गयो । विश्वभर फैलँदै जाँदा कोरोना थप नयाँ बन्दै, हाइब्रिड स्वरूप ग्रहण गर्दै र आक्रामक बन्दै जाने तर भर्खरै संक्रमण देखापरेका नेपालजस्ता देशहरूमा बुझाइ र गराइहरू यथास्थितिमा रहने गरेकाले संक्रमण रोकिनुको सट्टा बढ्दै जान थाल्यो । त्यसैले सरकारले सचेचतना र सजकतालाई अझ बढी ध्यान दिनुपर्ने देखिएको छ ।

# संकटमाथि राज्यको कहर

आहुती

विश्वमा कोरोना भाइरस महामारी बन्न सक्ने प्रक्षेपण भएको चार महिना बित्दै छ । छिमेकी चीन र युरोपमा त्यसबाट मृत्युको आतंकमय समाचार प्रसारण हुन थालेको पनि दुई महिना बित्यो । नेपालको राज्यले लकडाउन गरेको पनि एक महिना पुग्न एकाध दिन बाँकी छ । तर, अझैसम्म त्यसको परीक्षणका निम्ति राज्यले आधिकारिक प्रमाणित सामग्री देशभित्र ल्याइसकेको छैन, बरु केवल चीनसँग जीटुजी प्रक्रियाबाट सामान आउने टुंगोको समाचार मात्र आइपुगेको छ ।

लकडाउन सुरु गर्दा काठमाडौंको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा पहिलेदेखिका करिब पाँच सय परीक्षण किट मात्र थिए भने अन्तको हालत सजिलै अनुमान गर्न सकिन्छ । वास्तवमा वयोवृद्ध चिकित्सक सुन्दरमणि दीक्षितको आक्रोश त्यत्तिकै उम्लेको थिएन । अहिले या त ओम्नी समूहले ल्याएका विवादित सामग्रीबाट परीक्षण भइरहेछ या अन्य व्यापारीले भित्र्याएका सामग्रीबाट । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, जुन यस्ता सरुवा रोगको मुख्य सुविधासम्पन्न सरकारी केन्द्र हो, त्यहाँ आज पनि आवश्यक गाउनको अपर्याप्तताका कारण एउटै व्यक्तिले चौबीस घण्टा ड्युटी गर्न बाध्य हुनुले सामग्रीको अभावलाई छर्लंग पार्छ ।

लकडाउनपछि त सामग्री भिकाउँदा कति, कसरी महँगोमा सामान किनेर कमिसन उबार्ने भन्नेमा सरकारका अंगहरू व्यस्त भए भन्ने कुरा ओम्नी काण्डबाट बुझ्न सकिन्छ । तर, त्यसभन्दा पहिले दुई महिनाभन्दा बढी समयचाहिँ जनताको स्वास्थ्यका सन्दर्भमा उनीहरू के गरिरहेका थिए ? संयोग वा अन्य कारणले कोरोनाले नेपालमा महामारीको रूप लिएको छैन । यदि महामारीको स्तरमा बज्रेको भए नेपाली समाजको के गति हुन्थ्यो ? कल्पना गर्दा पनि आङ सिरिंग हुन्छ । कति बेपर्बाह, कति नालायक राज्यको अधीनमा बाँच्न विवश रहेछ नेपाली समाज भन्ने डरलाग्दो यथार्थ पुनः एकपल्ट उद्घाटित भएको छ ।

पुँजीवादी राज्यहरूले आफूलाई जनताको अभिभावक बताउने गर्छन् । अभिभावकले त तथ्यहरूका आधारमा नीति बनाउँछ र नागरिकलाई आश्वस्त पार्छ । त्यही प्रक्रियाबाट सरकारको बौद्धिकरनैतिक वैधता पुष्टि हुन्छ । तर यस संकटको अवधिमा सरकारले तय गरेका नीतिहरूको बौद्धिकता न कुनै विज्ञानमा आधारित देखियो न त व्यावहारिक । सुरुमा सात दिनको लकडाउन भनियो, तर केका निम्ति सात दिन ? कुन विज्ञानका आधारमा सात दिन ?

त्यसपछि दुई हप्ता अनि अब वैशाख पन्ध्रसम्म भनियो । के वैशाख पन्ध्रसम्म देशभरिका जनताको र्‍यापिड टेस्ट सकिसक्ने योजना हो ? या, त्यति भएपछि कोरोना भाइरस फैलिन नपाउँदा शरीरभित्रै मरिसक्छ भन्ने विज्ञान छ ? वा, भारतले जे गर्छ, पछिपछि लाग्ने वैचारिकी हो ? सरकारको बौद्धिकी के हो, कसैलाई थाहा छैन ।

अब भारतीय सत्ताधारीहरूले जति बलजफ्ती गरे पनि लकडाउन मे तीनभन्दा बढाउन सक्ने स्थिति देखिँदैन । त्यसकै हाराहारीमा नेपालमा पनि लकडाउन खुल्ने नै छ, तर त्यसको वैचारिकी के हुन्छ ? जबकि त्यति बेलासम्म बल्ल चीनबाट जीटुजी प्रक्रियाको सामग्री आइपुगेको हुनेछ तर देशव्यापी टेस्टिङचाहिँ सकिएको हुनेछैन । आफ्नो देश र जनताको विशिष्टतामा सिर्जनात्मक बौद्धिकता प्रदर्शन गर्न नसक्ने हो भने अर्बौं लगानीको राज्य रोगी बंगुरबाहेक अरू के साबित होला ? जसको मासु त धेरै होला, तर भोजनमा समावेश गर्न मिल्दैन ।

टाढाटाढाको कुरै छाडौं, दक्षिण एसियाकै पाकिस्तानले आफ्ना पच्चीस प्रतिशत दैनिक गुजाराका श्रमिकलाई भोकै पार्ने गरी लकडाउन नगर्ने, बरु सामाजिक रोकथामका उपायमा जोड दिने जुन साहसिक सिर्जनात्मक निर्णय लियो, त्यसबाट उसलाई ठूलो नोक्सानी पनि भएको छैन । बीस करोड जनसंख्याको देशमा आठ हजार संक्रमितमध्ये एक सय पैंतीसको मृत्यु कोरोना शास्त्रअन्तर्गतकै लकडाउन रणनीतियुक्त विकसित देशको अनिवार्य मृत्युदरभन्दा कम हो ।

भाइरस महामारीकै कुरा गर्दा, हन्ता नामको भाइरस पनि चीनमा देखा परिसकेको प्रचार छ, जसको मृत्युदर कोरोनाभन्दा धेरै गुणा बढी अर्थात् बीस प्रतिशत छ भनिन्छ । त्यसो भए त्यो हन्ता फैलिन थाल्यो भने वर्षैभरि लकडाउन गर्छौं त हामी ? सिर्जनात्मक बौद्धिकता संकटमा चाहिने हो तर नेपालको राज्यसँग त्यो शून्य अंकभन्दा माथि उठेको पाइएन, जुन निकै टिठलाग्दो परिस्थिति हो । जातीय अहंकार र ढोंगी जनविरोधी राष्ट्रवादको प्रचार गर्दा नेपालका प्रधानमन्त्री अग्रपंक्तिमा उभिएर भन्थे( हाम्रा पुर्खाले आधुनिक विज्ञानलाई पहिले नै जन्म दिएका हुन् ।

त्यो दाबी प्रमाणित होइन भन्ने धेरैलाई थाहा छ, तर दक्षिण एसियामा विकसित आयुर्वेदको ढोका कोरोनाका सन्दर्भमा किन बन्द गरिएको हो ? विश्व स्वास्थ्य संगठनकै प्रचार मान्दा पनि कोरोनाको औषधि छैन, जो संक्रमण भएर पनि बाँचेका छन्, उनीहरू मुख्यतः आफ्नै प्रतिरोध क्षमताले बाँचेका हुन् । तब बहुराष्ट्रिय कम्पनीको कब्जामा भएको एलोप्याथी उपचार प्रणालीले मात्र कोरोना संक्रमितमाथि प्रयोग गर्न पाउने किन ?

के नेपालको आयुर्वेद चिकित्सा क्षेत्रले आत्मसमर्पण गरेको हो या भारतमा जस्तै नेपालमा पनि राज्यले अकर्मण्य बन्न अनिवार्य बनाएको हो ? कोरोना संक्रमित कसैले आफू राज्यले तोकेका सबै प्रकारका रोकथामजन्य विधिमा बस्न तयार छु, तर उपचारचाहिँ आयुर्वेद वा होमियोप्याथीबाट गराउँछु भन्यो भने राज्यले अनुमति दिन्छ ? दिंदैन भने किन, जबकि औषधि त कुनै शास्त्रमा पनि अहिलेसम्म छैन भन्ने नै स्विकारिन्छ ? तब प्रयोग नै गर्ने हो भने एलोप्याथीबाहेकका अन्य विधिमा गर्न किन नहुने ? यस्तो संकटमा राज्य आफूसँग भएका सबै शास्त्रलाई सिर्जनात्मक प्रयोगमा उत्रिन प्रेरित गर्दैन भने नयाँ विज्ञान र प्रतिभा कसरी जन्मिन्छ ? यस सन्दर्भमा सबैको ध्यान जान जरुरी छ, सत्तरी कटेका बेलायती युवराज चार्ल्सको कोरोना उपचार होमियोप्याथी र आयुर्वेदिक ढंगबाट सम्पन्न भएको छ ।

रोगजन्य महामारी वा भूकम्पलगायतका प्रकोपको आर्थिक( सामाजिक विभीषिका बहुसंख्यक श्रमिक तथा गरिबले नै मुख्य रूपमा भोग्नुपर्ने हुन्छ । किनभने समाज पुँजीवादी छ, राज्य पुँजीवादी छ । कोरोना सम्भावित महामारीको कथित प्रतिरोधी लकडाउनमा पनि यही पीडादायी सिलसिला जारी छ, जसको नेतृत्व अभिभावक भनिएको सरकारले गरेको छ । तयारीको केही घण्टासम्म समय नदिई एक्कासि राज्यले लकडाउन घोषणा गर्‍यो । जोसँग निजी गाडी थिएन वा राजनीतिक पहुँच थिएन, ऊ ठाउँको ठाउँ कैद भयो ।

'घरभित्रै बस्नू' भन्ने आदेश घर हुनेहरूका लागि मात्र हुन सक्थ्यो, तर सहरहरूमा लाखौं मानिस डेरामा छन्, केही हजार त फुटपाथमा छन् भन्ने हेक्कासम्म राज्यले राखेन । डेराभाडा एक महिनाको नलिन सरकारले अनुरोध गर्ने भन्यो, यो साह्रै हास्यास्पद कुरा थियो । पहिलो कुरा, डेरावालहरूको ठोस तथ्यांक नै छैन । दोस्रो कुरा, घरबेटीको खटन खपेरसमेत बस्न बाध्य डेरावालहरू कसरी भाडा नतिर्ने अडान राख्न सक्छन् ? तेस्रो कुरा, भाडा मिनाहाको कुराले डेरावालले थप घरबेटीबाट समस्या भोग्नुपर्ने बाटो खुल्यो । एकाध उपकारी चरित्रका घरबेटीबाहेक अनुरोधका आधारमा कसले भाडा मिनाहा गर्छ आजको समयमा ?

यथार्थमा दिल्लीका मुख्यमन्त्रीले जति पनि 'भाडा सरकारले तिर्छ' भन्ने आँट नगर्नु नेपाल सरकारप्रति दिगमिग लाग्ने विषय हो । वास्तवमा नेपाल सरकार श्रमिक वर्गको वास्तविक जीवनबाट कति टाढा रहेछ भन्ने सत्यको यो दसी पनि हो । तीन करोड जनसंख्याको देशका परिवारका सदस्य देशभित्र र भारतसहित संसारभर मोटामोटी पौने एक करोडले मासिक ज्याला थापिरहेको नेपाली समाज केही हप्ताकै लकडाउनमा भोकमरीमा पर्न सम्भव छैन । तर विश्वव्यापी, कम्तीमा खाडी क्षेत्रमा, यस प्रकारको संकट लम्बियो भने अकल्पनीय भोकमरी पनि आँगनमै सम्भावित छ । यहाँ मुख्य सवाल राज्य कसरी उभियो भन्ने हो । किनभने चरम संकटमा राज्यले के गर्ला भन्ने अनुमान यसैबाट लगाउने हो ।

ऐंचोपैंचोमा समेत जीवन चलाइरहेका अभावग्रस्त आजको ग्रामीण जीवनको कष्ट यति बेला कस्तो होला, समग्र समाचार र अध्ययन आउन बाँकी नै छ । तर, नगर क्षेत्रमा सबैजसो उपभोग्य वस्तुको भाउ बढिछाड्यो । अर्बपतिहरू नै अँध्यारो व्यापारमा उत्रिए भने खुद्रामसिनाले केकति गर्दै होलान्, अन्दाज मात्र पनि काफी छ । न कम उत्पादन, न कम आयातका कारण अहिले भाउ बढेको हो । बढेको त केवल सरकारको आम श्रमिक र गरिब जनताप्रतिको उपेक्षाको कारण मात्र हो । प्रत्येक महानगर र उपमहानगरमा राज्यले कम्तीमा पचास गाडीद्वारा उपभोग्य सामान चालु बजारमा पुर्‍याइदिन सजिलै सम्भव थियो र भाउ स्थिर गर्न सम्भव थियो । नगरहरूमा दस गाडी र गाउँपालिकामा दुई(तीन गाडी पुरानै पसलहरूमा आपूर्तिका निम्ति पुर्‍याउन असम्भव कुरै होइन । यस्तो गर्दा वितरक पसले पनि घाटामा नजाने, तल्लो वर्ग पनि महँगीले नडसिन सजिलै सम्भव थियो ।

केही अपवादका बस्तीबारे अतिरिक्त नीति लिन सकिन्थ्यो नै । यस्तो गर्नुको सट्टा सरकारले तीनवटा काम पो प्राथमिकतामा राख्यो । एक, भाटभटेनीजस्ता ठूला मललाई घरमै सामान पुर्‍याउन अनुमति दिने । दुई, ग्यासको भाउ घटाउनुको सट्टा गाडी रोकिएका बेला पेट्रोल र डिजेलको भाउ घटाउने । तीन, दलालको कब्जाको महँगो तरकारी बजारबाहिर फुटपाथमा सस्तोमा तरकारी बेच्ने र किन्नेमाथि डन्डा हान्न प्रहरीलाई लगाउने । न्यायप्रेमी कसैले पनि आज बेवास्ता गर्न मिल्दैन( एक महिनाको लकडाउन केही महिना जीविका सहज भएका मध्यमवर्गसम्मका निम्ति लामो पारिवारिक छुट्टीभन्दा बढी केही होइन, तर बहुसंख्यक श्रमिक र गरिबहरूका निम्ति दीर्घकालीन पीडादायी अभाव र ऋणको अजंग द्वार हो ।

आम श्रमजीवी र गरिब जनतामाथि चरम संकटको संघारमा पनि सत्ताधारीहरू तलबदानको 'महान्' घोषणा गर्न चुकेनन् । अझ प्रचण्डले दिनभरिको 'मनपसन्द' खानाको फेहरिस्त नै प्रस्तुत गर्दै बिचल्लीमा परेका मजदुरका निम्ति बिलौना प्रचार गर्न भ्याए ! आफूमातहत अर्बौं बजेट मुठ्याएर बसेका, आफ्नो उपचारमा राज्यको करोडौं दोहन गर्न भ्याइसकेका र चुनावमा करोडौं खर्च गर्ने तानाबानाबद्ध प्रधानमन्त्री ओली र उनको पार्टीका प्रवक्ताले एकाध लाख तलबदान गर्ने यति नै खेरको घोषणा के 'पपुलिस्ट' पुँजीवादी हतकण्डा होइन ? प्रधानमन्त्री कोष छ, विकास बजेट खर्च नगरेर असारको वरपर फरफारमा चट्काइने अर्बौं प्रत्येक तहमा थन्केर बस्या छ, व्यक्तिपिच्छेका प्रतिष्ठानमा कार्यकर्ता पाल्न दिइएको बजेटमा ढुसी परेको छ, सांसद विकास कोषको अर्बौं सग्लै छ । ती सबबाट आवश्यक संकटकालीन जोहो गर्ने नीति बनाउनेमा वास्ता छैन बरु तलबदानको नाटकबाजीमा आनन्द छ ! तलबदान वा प्रचण्डको स्वस्थ 'मनपसन्द' खाद्य तालिकाबाट निष्कर्ष त यही नै निस्कन्छ( सत्ताधारीहरू आम श्रमजीवी र गरिब जनताको सरोकारबाट कोसौं टाढा मग्नमस्त छन् ।

नेपाली राज्यको नीतिले जन्मिएका हृदयविदारक श्रमजीवीका दुई सन्दर्भ अझै गम्भीर छन् । देशभित्र परिवार धान्न नसकेर नजिकै भारत पुगेका श्रमिकहरू लड्दै पड्दै आफ्नो देशको सिमानामा आइपुगे, तर कसैलाई महाकालीपारि त कसैलाई दशगजापारि भोकभोकै रोकियो । सिमानामा पुगेको नागरिक छिर्न नपाउने पनि कुनै आफ्नो देश हुन्छ ? रोगको सावधानी गर्न व्यवस्थापन नै गर्न नसक्ने गरी के लाखौं अइपुगेका थिए ? यो नेपाली राज्यले गरेको अक्षम्य अपराधबाहेक केही थिएन, जुन इतिहासमा दर्ज हुन जरुरी छ ।

अचानक एक दिन वाग्मती उपत्यकाबाट आफ्नो गाउँ(नगर जान दिने निर्णय सार्वजनिक भयो, केही घण्टामा निर्णय भएकै होइन भनी सरकारले झूट बोल्यो । प्रधानमन्त्री गर्जिए, 'लकडाउन इज लकडाउन !' तर राज्यको हैसियत, विश्वसनीयता र उपेक्षा लोकदृष्टिबाट नापेका श्रमिकहरूमध्ये केही हिस्सा निस्कियो, हिंडेरै आफ्नो बस्ती पुग्न । गोरखा, सोलुखुम्बु, काठमाडौंबाट सुनसरी, कैलाली वा मुगु पुग्न । आजसम्म कोही पुगिसके, कोही हिँड्दै छन् बेहाल । 'लकडाउन इज लकडाउन' हो भने सुदूरपूर्वदेखि पश्चिमसम्मको यात्रामा गौंडागौंडाका प्रहरीले किन रोक्दैनन् ? राज्य बेखबर हो भने प्रधानमन्त्रीअन्तर्गतका सीआईडीहरू कहाँ गायब भए ? अनि एउटै प्रदेशका धादिङले छाड्ने, चितवनले रोक्नेजस्तो घटना निकृष्ट अत्याचार हो कि होइन श्रमिक र गरिबमाथि ? वास्तवमा श्रमिक र गरिबहरूले पाएको यो हृदयविदारक दुःख राज्यले उनीहरूको पीडामाथि गरेको तल्लोस्तरको उपेक्षा र खेलबाडबाहेक केही होइन ।

आज पुँजीवादी राज्य निषेधको उर्दी जारी गर्न र आम जनताको जीवनमा खेलबाड गर्नमा व्यस्त छ, फेरि पनि जिउँदोचाहिँ समाज नै छ । राज्यले सिंगो समुदायलाई घरभित्र कैद हुन भने पनि समुदाय क्रमशः बाहिर निस्कन थालेको छ । त्यही समुदायले त राजमार्गमा लाठी बर्साएका श्रमिकलाई पानी दिन थालेको छ, खाना पकाउन थालेको छ । सिंगो समाजलाई घरभित्र अकर्मण्य बनाएर दीर्घकालीन र वास्तविक समाधान असम्भव छ । त्यसैले छिटोभन्दा छिटो लकडाउन अन्त्य गरिनुपर्छ र वैकल्पिक रोकथामजन्य विधिसहित सिंगै समाज संकटविरुद्ध परिचालित हुने वातावरण सिर्जना गरिनुपर्छ । लकडाउन केही महिना जीविका सहज भएका मध्यमवर्गसम्मका निम्ति लामो पारिवारिक छुट्टीभन्दा बढी केही होइन, तर बहुसंख्यक श्रमिक र गरिबहरूका निम्ति दीर्घकालीन पीडादायी अभाव र ऋणको अजंग द्वार हो । (साभारः कान्तिपुर दैनिकबाट)

# कोरोना महामारीमा युवा परिचालन

**अनिल श्रेष्ठ**

अहिले विश्वभर कोरोना भाइरसको संक्रमण बढ्दो छ । विश्व स्वास्थ्य संगठनले स्वास्थ्य संकटकाल घोषणा गरेको गरेको छ । एक्काइस लाख भन्दा बढी नागरिकमा यसको संक्रमण फैलिएको छ । भाइरसको कारण झण्डै डेढ लाख नागरिकले अकालमा ज्यान गुमाएका छन् ।

विश्वब्यापी रुपमा यो फैलिने क्रम जारी छ । भाइरसको सबैभन्दा बढी प्रभाव अमेरिमा र युरोपमा परेको छ । विकसित राष्ट्रले समेत नियन्त्रण गर्न नसकेको यो भाइरस अल्पविकसित तथा विकासशील राष्ट्रहरुमा यो महामारी फैलियो भने कसरी नियन्त्रण गर्ने यो निकै ठुलो चुनौतीको रुपमा रहेको छ । प्रयाप्त पूर्वतयारी र आवश्यक साबधानी नअपनाउदाँ हामीले ठुलो विपद्को सामना गर्नु परेको छ । तुलनात्मक रुपमा कोरोनाको संक्रमण नेपालमा कम भएपनि जोखिम निकै उच्च छ । नेपालको अहिलेको स्वास्थ्यको अवस्था एवं पूर्व तयारीलाई हेर्दा संक्रमण फैलिएमा नियन्त्रण गर्न निकै गाह्रो छ । त्यसैले सबैले उच्च सर्तकता अप्नाउन जरुरी छ ।

विश्वमा यस्तो किसिमको महामारी पहिलो पटक आएको होइन । हरेक शताब्दीमा विभिन्न स्वरुपमा यस्ता महामारी आएका छन् । प्लेग, बिफर, एचआइभी/एड्स, सार्स, इबोला, स्वाइन फ्लु, लगायतका महामारीले विश्वमा करौडौं मानिसको ज्यान गयो । तर पनि विश्वका शक्ति राष्ट्रले विपद् व्यवस्थापन एवं पूर्व तयारी खासै काम गरेको देखिएन । त्यसको गतिलो उदाहरण कोभिड-१९ कोरोना महामारीलाई लिन सकिन्छ । करिब ३ महिना अघि चिनमा भाइरसको संक्रमण देखिए पनि शक्ति राष्ट्रहरुले नियन्त्रणमा चासो नदिदाँ आज संसार भर फैलिएको छ । आज विश्व संकटको घडिमा छ । सबै राष्ट्रहरु अहिले आफ्ना नागरिकलाई कसरी बचाँउने बन्ने चिन्तामा छन । विश्वको एक तिहाइ जनसंख्या लकडाउनमा छ । करोडौं नागरिक बेरोजगार भएका छन् । अहिले संसारभर एउटा बहसको विषय बनेको छ । अर्थतन्त्र बचाउने की नागरिक? अहिले सम्मको अवस्था हेर्दा अर्थतन्त्र बचाउनकै लागि शक्ति राष्ट्रहरु लागि परेका देखिन्छन ।

अब नेपालको चर्चा गरौं कोरोना भाइरसबाट हालसम्म १६ जनालाई संक्रमणको पुष्टि भएको छ । सरकारले संक्रमण फैलिन नदिन देश पूर्णरुपमा लकडाउन गरेको छ । यस अवस्थामा दैनिक गुजारा गर्ने मजदुर बिचल्लीमा परेका छन् । यात्रुहरु बीचबाटोमा बखर्ची बनेका छन् । भारतबाट घर फर्किने नेपाली जोखिम मोलेर सीमापार गरिरहेका छन् । सरकार लकडाउनलाई सम्पूर्ण समस्याको समाधान ठानिरहेको छ । लामो समयसम्मको लकडाउनले आम सर्वसाधारण नागरिकको दैनिकीमा समस्या आएको छ । बिचबाटोमा अलपत्र परेका नागरिकहरु भोक भोकै पैदल यात्रा गरेर घर फर्किदै छन् । दैनिक उपभोग्य बस्तुको अभाव सृजना हुन थालेको छ । दिर्घरोगीहरुको नियमित स्वास्थ्य चेकजाँच र औषधिको अभावमा ज्यान जोखिममा छ । स्वास्थ्यकर्मीहरुले पिपिईको अभावमा बिरामी चेकजाँच गर्नु परिरहेको छ । परिक्षणलाई निकै सुस्त गतिमा भएको छ । संकटको यस घडीमा सरकारले ठूला गफ गर्ने होइन काम गरेर राज्य हुनुको आभास जनतामा दिलाउनु पर्दछ । जनतालाई केन्द्रमा राखेर विपद् व्यवस्थापन तथा महामारी रोक्न स्पष्ट कार्य योजना र रणनीति बनाउनु पर्दछ ।

नागरिकले तत्काल भोगेका समस्यालाई समाधान गर्दै भविष्यमा आइपर्ने जोखिम बहन गर्ने योजना बनाउनु पर्‍यो । दैनिक ज्याला मजदुरी गर्ने कामबाट निकालिएका बेरोजगारहरुलाई दैनिक जिविकाको लागि नगद र जिन्सी सामान उपलब्ध गराउनु पर्‍यो । हरेक सरकारले आफ्ना नागरिक बिचल्लीमा नपरुन भनेर सम्बन्धित देशमै पुगेर उद्धार गरेर ल्याएको छ । हाम्रो सरकारले देशमै भएका नागरिकलाई घर सम्म पुग्ने बन्दोबस्त गर्न सकेको छैन । विदेशमा बेखर्ची भई दुःख पाएका नागरिकको उद्धार कहिले होला? तीन साताको लकडाउन वितिसक्दा पनि सरकारले प्रयाप्त तयारी गर्न सकेको देखिएन । संघ, प्रदेश र स्थानीय सरकारको संयन्वयको अभाव देखियो । सुरक्षा सामाग्री एवं राहतमा सामाग्री खरिद प्रकरणमा व्यापक भ्रष्टाचार भएको समाचार सार्वजनिक भए । छानबिन गरी दोषीलाई कडा भन्दा कडा कारबाही गर्नुको सट्टा सरकार मौन बस्यो । संकट गहिरिँदै जाँदा सरकार झन निरिह हुँदै जानु भनेको राज्य कमजोर हुनु हो । त्यसैले यस महामारीको रोकथाम, नियन्त्रण र उपचारमा सहजिकरण गर्दै राहत र उद्धार लगायतका कार्यमा युवाहरुलाई परिचालन गर्नु पर्दछ । युवा तथा खेलकुद मन्त्रालयले त्यसको समन्वय र व्यवस्थापनको जिम्मा दिनुपर्दछ ।

**जनचेतना अभिबृद्धिका लागि युवा परिचालन**

कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि हरेक गाउँ टोलमा युवाहरुलाई परिचालन गर्नु पर्दछ । कोरोना संक्रमण बढन नदिन विभिन्न श्रव्य दृश्य सामाग्रीहरु निर्माण गरी व्यापक प्रचार प्रसार गर्ने । हरेक सार्वजनिक स्थानमा हेल्प डेक्स राखी परामर्श दिने । टोलटोलमा माइकिङ गरेर सजक बनाउने । स्थानीय एफ.एम. रेडियो तथा टेलिभिजनबाट स्थानीय भाषामा जानकारीमूलक संदेश प्रशारण गर्ने । सम्भव भएसम्म स्थानीय नागरिकहरुलाई मास्क, सेनिटाइजर जस्ता आधारभूक्त सुरक्षा सामाग्री वितरणमा सहजिकरण गर्ने ।

**राहत तथा उद्धार कार्यमा युवा परिचालन**

कोरोना महामारीबाट प्रभावित दैनिकी गुजारा गर्न गाह्रो भएका नागरिकको पहिचान गरी तीनीहरुलाई राहत वितरण कार्यमा स्थानीय सरकार सँगको सहकार्यमा परिचालन गर्ने । यात्रका क्रममा बिच बाटोमै अलपत्र परेका नागरिकहरुलाई उद्धार गरी खानेबस्ने व्यवस्था सहित सुरक्षित रुपमा क्वारेन्नटाइन राख्न पहल गर्ने । यात्रुहरुको स्वास्थ्य चेकजाँच गरी सम्भव भए घरमै सेल्फ आइसोलेशन बस्ने व्यवस्था मिलाउने । राहत कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउन युवा स्वंयसेवक परिचालन गर्ने । राहत कार्यलाई एकद्धार प्रणाली अर्न्तगत व्यवस्थित गर्ने ।

**स्वास्थ्य चेकचाँजमा तथा मनोसामाजिक परामर्श**

कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि द्रुतगतिमा टेस्ट गर्न एमविविएस अध्ययनरत युवा विद्यार्थीहरुलाई समेत परिचालन गर्ने । नर्स एवं अन्य स्वास्थ्यकर्मीहरुलाई अस्पताल तथा क्वारेनटाइनमा स्वयंसेवकको रुपमा परिचालन गर्ने । कोरोनाको महामारीमा धेरैलाई मनोसामाजिक समस्या पैदा हुन सक्छ त्यस्तो अवस्थामा मनोसामजिक कर्ताहरुलाई मनोसामाजिक परामर्शका लागि परिचालन गर्ने ।

**सरकारले जारी गरेको लकडाउनको अनुगमन**

सरकारले जारी गरेको लकडाउनको पालना गरे नगरेको विषयमा अनुगमन गर्न युवा स्वंयसेवक परिचालन गर्ने । अति आवश्यक कामको लागि हुने भेटघाट, बैठक एवं किनमेलका लागि सामजिक दुरी कायम गराउन स्वयंसेवक परिचालन गर्ने । विदेशबाट आएका शंकास्पद संक्रमित, स्वास्थ्य लाभ गरिरहेका व्यक्तिलाई सम्मानजनक व्यवहार गर्ने, उनीहरुको मनोबल उच्च राख्ने र समाजमा पुनर्स्थापना हुने वातावरण सृजना गर्न भूमिका खेल्ने । सुरक्षाकर्मी र स्वास्थ्यकर्मीहरुको मनोबल उच्च राख्न उनीहरुको काममा सहयोगीको रुपमा युवा खेलाडीहरुलाई समेत परिचालन गर्न सकिन्छ ।

अन्तमा कोरोना महामारीले नागरिकको जनजीवनमा नराम्रो सँग प्रभाव पारेको छ । यस संकटको सामाना गर्दै आफू अनि आफ्नो परिवारको सुरक्षा गर्नु नै अहिलेको आवश्यकत्ता हो । हामी सबैको सामुहिक प्रयासबाट मात्र कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण गर्न सहिन्छ । विपद्को यस समयमा हामीले आलोचनामात्र होइन की आफ्नो तर्फबाट सकेको रचनात्मक सहयोग गर्नुपर्दछ । केन्द्रमा भएको उच्च स्तररीय संयन्त्रमात्र सक्रिय भएर हुदैन त्यसका साथै सबै प्रदेशका मुख्यमन्त्री, सबै स्थानीय तहका प्रमुखहरुको संयोजकत्वमा कोरोना नियन्त्रण र रोकथाम उच्च स्तरीय समिति बनाई प्रभावकारी रुपमा परिचालन गर्नुपर्दछ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संयोजनमा स्वास्थ्य क्षेत्रका विज्ञहरु सम्मिलित विशेष समिति बनाई सम्बन्धित क्षेत्रमा परिचालन गर्नु पर्दछ । स्वास्थ्यकर्मीको सुरक्षा र मनोबलको सवाल अहिलेको समयमा निकै महत्वपूर्ण छ । त्यसैगरी स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, अत्यावश्यक सेवामा कार्यरत कामदार एवं कर्मचारीहरुको मनोबल उच्च राख्न सरकारले विशेष सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । विपद्को यस घडिमा सरकारले युवा स्वंयसेवकहरुलाई प्रभावकारी रुपमा परिचालन गर्न सके कोरोना महामारी नियन्त्रण गर्न सहज हुने थियो ।

# बिदेशिएका नेपाली बिद्यार्थीको कथा र कोरोनाको प्रभाव

**लक्ष्मण गौतम**

पढेलेखेको युवा भनेको देसको धुकुटी हो। कुनै पनि देस बिकास हुनलाई युवा जनशक्तिको मुख्य भुमिका रहन्छ। नेपालमा एउटा युवाले जसो तसो गरेर पढाई सक्छ, अनि आफ्नो योग्यता अनुसारको काम खोज्न सुरु गर्छ । तर उ आफ्नो योग्यता अनुरुपको पाउन कति गल्ली धाउँछ,कतिलाई चाकरी गर्छ कतीलाई कमिशन पेल्छ । तर उ असफल हुन्छ र पाई हाल्यो भने पनि तलव अत्यन्तै कम हुन्छ । उसलाई आफ्नो कमाईबाट घर जग्गा गाडी जोड्नु र रिल्याक्स लाईफ बाच्नु केवल सपना मात्र हुन्छ । तर उ सँगै पढेको पढाईमा निकै कमजोर साथी जग्गा दलाली ठेक्कापट्टा गरेर राम्रो पैसा कमाएको हुन्छ राम्रो गाडी चढेको हुन्छ ठुलो घरमा बसेको हुन्छ वा भनौ रिल्याक्स लाईफ बाचेको हुन्छ । अर्को तिर उ सँगै पढेको साथी युरोप अमेरिका वा अष्ट्रेलिया गएको हुन्छ फेशबुकमा घुमेको फोटो हाल्छ गाडी चढेको फोटो हाल्छ राम्रो राम्रो खाएको फोटो हाल्छ राम्रा राम्रा चिल्ला तरुनी सँग टासिएको फोटो हाल्छ । यस्तो अवस्थामा एउटा राम्रो पढेलेखेको युवा आफ्नो जीवन देखी निराश हुन्छ र बिदेशीले निर्णय गर्छ ।

उ भिषा अप्लाई गर्छ भिषा लाग्छ र सपनाको रिल्याक्स जिन्दगीमा रमाउदै नेपालका साथीभाईलाई पार्टी थ्रो गर्दै उ सपनाको देशमा ल्यान्ड गर्छ । उ साथीहरु सँग घर सेयर गरेर बस्छ ३(४ कोठे एउटा घरमा १०(१२ जना भेडा बाख्रा झै गरेर बसेका हुन्छन । पहिले गएका साथीहरु जस्तो तस्तो जसो तसो काम अनि कलेज सेट भएर बसेका हुन्छन सबै आफ्नो काम अनि कलेजमा बिजी हुन्छन नयाँ नयाँ गएको उसलाई त्यहाँको भाषा ठाउँ सिस्टम सभ्यता सबै नयाँ हुन्छ पहिलो १(२ हप्ता त उ बाहिर निस्केर काम खोज्न सक्ने अवस्थामा पनि हुँदैन गएको अर्कै दिनबाट कलेज त जानै पर्‍यो । २(४ महिना कलेज र कोठा गर्दै भौतारिए पछि बल्ल बल्ल उ कतै भारतिय बंगाली नेपाली पाकिस्तानीको पसल वा रेष्टूरेन्ड तिर काम पाउछ तर उसको तलवले आफ्नो कोठा भाडा खाना ट्राभर फोन र अरु बिबिध खर्च कटाएर फि जम्मा गर्ने अवस्था भने हुँदैन ।

जब एउटा केटी ल्यान्ड गर्छे तब पहिले नै गएर सेट भएर बसेका बोकाहरु बिच खवर फैलीन्छ - नेपालबाट एउटा नयाँ आईटम आईछे । काम खोजीदिने, कोठा खोजीदिने वा अन्य सहयोग गर्ने निहुमा बोकाहरु उसको पछि पर्छन र अन्तत कुनै न कुनै बोकाले कुनै न कुनै बाहानामा उसलाई फसाउछ । उ काम खोज्न फेरी तेही भारतिय, पाकिस्तानी, नेपाली, श्रीलंकन, बंगालीको पसल वा रेन्टुरेन्ट तिर चाहर्छे र त्यहाँ पनि अर्को बोको पछि लाग्छ । हेर्दा चिटिक्क राम्री भए उसले सजिलै काम पनि पाउछे । उ त्यहाँको रहन सहनमा भिज्दै जादा क्लव बार पनि जान सिक्छे । जीवन काम, कलेज अनि नेपाली बोको, पाकिस्तानी बोको, बंगाली बोको, कालो बोको, सेतो बोको हुँदै चलीरहेको हुन्छ ।यद्यपी सबै त्यस्ता चाँही हुदैन् । सभ्य र सुसंस्कृत पनि हुन्छन् ।

जीवन जनतन चली रहेकै हुन्छ तर अचानक यो कोरोना माहामारी फैलिन्छ र उसको काम बन्द हुन्छ । २(३ हप्ता गर्दै उ सँग भएको सबै पैसा सकिन्छ र अब गर्ने के ? कसैको आफन्त छन भने केही महिना त सहयोग गर्लान कसैलाई नेपालबाटै केही महिना पैसा पनि पठाईदेलान तर यदी यो माहामारी फैलियो भने के गर्ने ? यो अवस्थामा उनीहरु सँग नेपाल फर्किनु बाहेक अर्को बिकल्प हुँदैन तर नेपाल फर्केर के गर्ने ? उसको पढाई अनि बानी त बिग्रीसकेको छ ।

यदी कोरोनाको माहामारी ५(७ महिना नरोकिने हो भने बिदेशीएका बिद्यार्थीहरुको समस्या हामीले सोचे भन्दा गहिरो अनि बिकराल हुन्छ ।

*( यो कुनै काल्पनिक कथा होईन मेरो २१ बर्ष बेलायत बसेको र आफुले देखेको अनुभव हो )*

# यो महामारीमा राष्ट्रसेवक कर्मचारीले गर्नैपर्ने १० काम

**कृष्णहरी बास्कोटा**

कोरोनाभाइरसको संक्रमणले विश्वव्यापी त्रास निम्त्याएको छ । नेपालमा लकडाउन जारी भएको पनि हप्तौं भैसक्यो । यस अवधिमा राष्ट्रसेवक चिकित्सक र स्वाथ्यकर्मीले अस्पतालमा र प्रहरीले सडक लगायतमा खटिएर जनताको सेवा गरिरहेका छन् । यस्तो सेवाको चौतर्फी तारिफ पनि भएको छ । अन्य राष्ट्रसेवक कर्मचारी पनि नीति निर्माण, कामको व्यस्थापन र सहयोगीको भूमिकामा रहेका छन् ।

संघीय मन्त्रालयका सचिव तथा विभागका महानिर्देशक लगायतका केन्द्रका कर्मचारी कोरोना संक्रमण नियन्त्रणको नीति निर्माण, औषधि लगायतका उपकरण व्यवस्थापन र आपूर्ति व्यवस्थापन गर्न तथा बाह्य सहयोग जुटाउन मन्त्रीहरूलाई सघाइरहेका छन् । यसैगरी प्रदेश सरकार र स्थानीय सरकारमा रहेका कर्मचारीले पनि संक्रमण नियन्त्रणको कार्यक्रम सञ्चालन गर्ने, क्वारेन्टाइनको व्यवस्थापन गर्ने जस्ता काममा संलग्न रही आएका छन् । यसैगरी प्रमुख जिल्ला अधिकारी लगायतका जिल्लास्तरीय कर्मचारी पनि जनताको सेवामा दत्तचित्त छन् । उनीहरूले जनप्रतिनिधिहरूलाई आ-आफ्नो क्षेत्रबाट सघाइरहेका छन् ।

यस विषय परिस्थितिमा निजामती, सेना, प्रहरी, शिक्षक लगायतका समस्त राष्ट्रसेवक कर्मचारीहरूले उच्च मनोबलका साथ मन, वचन र कर्मले मुलुक र मुलुकवासीको सेवामा आफ्नो ज्यानको बाजी लगाएर अनवरत सेवामा जुट्न केही उत्प्रेरणाका टिप्स प्रस्तुत गर्न चाहन्छु ।

### १. स्वउत्प्रेरित हुने

शिक्षा मनोविद् रुसोका अनुसार मानिसले अनुभवबाट सिक्छ । यसैगरी प्याभलकका अनुसार मानिसले गल्तीबाट पनि सिक्छ । साथै, किम्बलका अनुसार अन्तरदृष्टिबाट र यङका अनुसार प्रेरणाबाट सिक्छ । यस अतिरिक्त एलिस क्रोका अनुसार मानिस स्वयं जागरुक भएर सिक्छ । नेपालमा कहिल्यै अनुभव नगरिएको कोरोनाको त्रास विरुद्ध पनि आम राष्ट्रसेवक कर्मचारी स्वउत्प्रेरित भै यस कामका सफल हुनुपर्छ ।

### २. श्री एचको सिद्धान्त प्रयोग गर्ने

थ्री एचको अर्थ हेड, हार्ट र हायण्ड हो । यसर्थ आम कर्मचारीले कोरोनाबाट आम जनतालाई बचाउन राम्ररी दिमाग खियाएर काम गर्नुपर्छ । कोरोनाजस्तो शक्तिशाली शत्रुलाई कम आँक्नु हुँदैन । नेपालीमा एउटा भनाइ छ, स्यालको सिकारका लागि बाघको सिकार गर्ने सरहको तयारी गर्नु । आम कर्मचारीको हृदय कोमल हुनुपर्छ । ती दयावान हुनुपर्छ । दीनदुःखी र असक्त जनतालाई तिनले न्याय दिनुपर्छ । यस अतिरिक्त आम राष्ट्रसेवक कर्मचारीको मुख चलेझैं हात पनि चल्नु पर्छ । ती काममा दत्तचित्त हुनुपर्छ । कर्म नै महान् सेवा हो । यसैकारण मन, वचन र कर्मले सेवा गर्नुपर्छ भनिएको हो ।

### ३. रोलमोडलबाट सिक्ने

विश्वमा प्लेग रोग फैलिएका बखत डा. हेनी गायनले अतुलनीय भूमिका निर्वाहगरी आम मानिसको ज्यान बचाउनुभएको थियो । यसर्थ उहाँले मृत्युपर्यन्त आफूलाई जीवन्त राख्नु भएको छ । आफू फाटेको सिरक ओढेर काँप्दै सुत्ने चाणक्यले आम गरीबलाई बाक्ला नयाँ सिरक वितरण गरेर तिनलाई बचाएका थिए । यसर्थ राष्ट्रसेवक कर्मचारीले आफू बाँच्ने र जनतालाई पनि बचाउने ध्येय लिनुपर्छ ।

### ४. सधैं राष्ट्र र जनताको सेवामा रहने

भात्रृहरिले मानिसलाई ४ वर्गमा वर्गिकरण गर्नुभएको छ । उहाँका अनुसार उच्चकोटीका मानिस सदैव राष्ट्र र जनताको सेवामा समर्पित हुन्छन् । सामान्यकोटीका मानिस आफ्नो उन्नति र प्रगतिमा दत्तचित्त रहन्छन् । निचकोटीका मानिस अर्काको कुभलो चिदाउँदै दिन बिताउँछन् । दुष्टकोटीका मानिसहरू नत आफ्नो हित, नत राष्ट्रको हित, जताततै भताभुंग होस् भनी विनासका लागि अग्रसर हुन्छन् । यसर्थ राष्ट्रसेवक कर्मचारीहरू निशन्देह उच्चकोटीका मानिसमा पर्नुपर्छ ।

### ५. घामले जस्तो न्यानोपना दिने

मानिसले घाम ताप्छन्, न्यानोपनाका लागि । यसर्थ पोल्ने घाम भन्दा न्यानो घाम नै सबैका लागि प्रिय हुन्छ । भनिन्छ, एउटा सलाइको काँटीले अँध्यारो कोठामा दियो बालेर पूरै कोठालाई उज्यालो बनाइदिन्छ । यस्तै अर्को सलाइको काँटीले पूरै वनमा डढेलो लगाएर वन नै सखाप तुल्याइदिन्छ । यसर्थ, राष्ट्रसेवक कर्मचारीले कोरोनाको कहरमा आम जनतालाई आशाको दियो बालेर आश्वस्त तुल्याउनुपर्छ ।

### ६. जनमैत्री काम गर्ने

एउटा सत्य भनाइ छ, सबै फूल फुल्दैमा बास्ना चल्दैन । जाइ र चमेली फूल्दा बास्ना चल्छ, तर उन्युँ र खर फुल्दा बास्ना चल्दैन । यसबाट बुझिन्छ, कर्मचारीले गर्ने सबै कामबाट जनता प्रसन्न हुन सक्तैनन् । यसर्थ जनतासँग मिलेर काम गर्नुपर्छ । आदर चाहनेले पहिला अरूलाई आदर गर्नुपर्छ ।

गान्धीले भन्नु भएको छ, तिम्रा दूईवटा कान छन्, धैरै सुन । दूईवटा आँखा छन्, पहिला राम्ररी हेर । यकिन गर । एउटामात्रै मुख भएकाले तौलिएर कम बोल । गल्ती नबोल । तर, नबिराउनु, नडराउनु भने झैं जनताको सूचनाको हकको उच्च सम्मान गर । सत्य बोल । यही नै कर्मचारीतन्त्रको धर्म हो । यही नै सेवाको मर्म पनि हो ।

### ७. सकारात्मक सोच राख्ने

आनीले गीत गाउनु भएको छ, फूलको आँखामा फूलकै संसार, काँडाको आँखामा काँडै संसार भनेझै आफू अनुकूल परिस्थिति बन्छ । यसर्थ राष्ट्रसेवक कर्मचारी सबैले मैले के पाएँ भन्दा पनि मैले राष्ट्र र जनतालाई के दिन सकेँ भनेर आफैंलाई प्रतिप्रश्न गर्नुपर्छ । यसैगरी यो गरेर के फाइदाको सट्टा यो गरेर के बेफाइदा भनी प्रश्न गर्नुपर्छ । साथै यस्तो विषम परिस्थितिमा अहिले नगरे कहिले गर्ने र मैले नगरे कसले गर्ने भन्ने सोचका साथ अघि बढ्नुपर्छ ।

### ८. सफलता हात पार्न अग्रसर हुनुपर्छ

रवीन्द्रनाथ टेगोरले भन्नुभएको छ, किनारामा उभिएर र पानीमा हेरेर मात्र समुन्द्र पार गर्न सकिन्न । यसर्थ हिम्मतका साथ पानीमा हेलिनुपर्छ । यर्थाथमा पोखरीमा हामफाल्ने सबै मानिस मर्दैनन्, पौडन नजान्ने मात्रै मृत्युको मुखमा पुग्छन् भन्ने भनाइलाई आत्मसात् गरी कर्मचारीतन्त्र कोरोना विरुद्धको मोर्चामा खडा हुनुपर्छ ।

यसबाट कर्मचारीतन्त्रको जित हुने र कोरोनाको पराजय हुने पक्का छ ।

### ९. परिवर्तनउन्मुख सोच राख्ने

रुखले जसरी बर्सेनि पात फेर्छ, सोही रितले हामीले आफूलाई समयानुकूल बदल्नुपर्छ । कर्मचारीतन्त्र परिवर्तनको बाहक हो । हालको विषम परिस्थितिमा राष्ट्रसेवक कर्मचारीहरूले आफैंले सही दिशा पहिचान गरी अघि बढ्नुपर्छ । एउटा सत्य भनाई छ, हिमालबाट शुरु भएको खोला बाटो नसोधी हिँड्दा पनि समुन्द्रमा पुग्छ । सोही रितले कर्मचारीतन्त्र पनि आफ्नो गन्तव्यमा पुग्ने निश्चित छ ।

### १०. कर्मचारीको साख बढाउनु पर्छ

क्रियाशीलताले नै पहिचान बन्ने हो । ३ ओटा अलग-अलग भाँडामा एक साथ आलु, अण्डा र कफीको गेडालाई राखेर उमालियो । केही क्षण पछि हेर्दा साह्रो आलु पूर्णतः गलित भएछ । भित्र तरल पदार्थ भएको अण्डा पुनः तरल हुन नसक्ने गरी साह्रो भएछ । कफीको गेडा फुटेर पुरै पानीलाई सुगन्धित बनाइदिएछ । पहिलेको पानी हाल कफी भएछ । यसर्थ हामी आलु, अण्डा वा कफी के बन्ने हाम्रै हातमा छ ।

नेपालका राष्ट्रसेवक कर्मचारीहरू, चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, निजामती, शिक्षक लगायत सबैले यस संकटको घडीमा मुलुक र जनताको सेवा गरी कर्मचारीतन्त्रको साख उज्ज्वल तुल्याउनु हुनेछ भन्ने विश्वासका साथ सफलताको कामना गर्दछु ।

**(बास्कोटा राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख आयुक्त हुन् ।)**

## डिभिजन बन कार्यालय चितवनको अनुरोध

- **गैंडा, बाघलगायत संकटापन्न बन्य जन्तु, बन/बनस्पति र वासस्थानको संरक्षण र व्यवस्थापनमा ध्यान दिउँ, जैविक विविधताको संरक्षण गरौं ।**
- **कानूनबाट निषेध गरिएका बन्यजन्तुका अखेटो, पहार (हाड, छाला, दाँत, सिङ, पुच्छर) जस्ता चिज वा सो बाट बनेका बस्तुहरुको प्रयोग नगरौं ।**
- **बनमा पिकनिक खाई जथाभावी आगो नछोडौं, सानो आगोको झिल्कोले अमूल्य बन र बन्यजन्तुको नोक्सान पुऱ्याउन सक्छ ।**
- **यस समयमा प्रत्येक सा. बनहरुले कार्य योजना उल्लेख भए बमोजिम बनको उचित किसिमले बन व्यवस्थापनका कार्यहरु गरौं ।**
- **कानूनले वञ्चित गरेका बन पैदावारहरु बिना इजाजत आफू खुशी प्रयोग नगरौं, प्रयोग भएको पाइएमा तुरुन्त जि.व.का. मा खबर गरौं ।**
- **बन्यजन्तु बन क्षेत्रबाट बाहिर निस्कि कसैको क्षति पुऱ्याउन लागेमा तुरुन्त डिभिजन बन कार्यालय चितवनको फोन नं. ०५६- ५२०२१५ वा प्रहरी कार्यालय १०० मा खबर गरौं ।**

# गाईको गरिमा बुझौं कोरोनाको महामारीमा

**बद्रीप्रसाद दाहाल**

संसारको रङ्गीन सिर्जनामा चर, अचर, उभयचर सबै प्राणीहरुको महिमा र गरिमा उत्तिकै प्रभावकारी छ। गहिरिएर हेर्दा धराधामका हरेक प्राणीहरुको सम्बन्ध अन्योन्याश्रित भएको देखिन्छ। त्यसैले त सनातन वैदिक संस्कृतिले पानी, पृथ्वी, पर्वत, आगो सबैमा विष्णु हुनुहुन्छ भनेर समभावको दर्शन बाँडेको छ। यता केही समयदेखि गौमाताको दुरूपयोग चरम रूपमा बढेको मिडियाको खबरले गाईलाई आमा बराबर ठान्ने, नेपालको राष्ट्रिय जनावरका रूपमा आदर र सम्मानका गर्ने सम्पूर्ण नेपालीको मनमा चोट लागेको छ। वास्तवमा गाई के जीव हो ? अन्य प्राणीहरुमा गाईको प्रत्यक्ष अप्रत्यक्ष कस्तो देन र उपयोगिता छ ? यसबारे केही चर्चा छ।

देवता र दानवहरु मिलेर समुद्र मन्थन गर्दा निक्लिएका चौध रत्नहरुमध्ये सुरभी (कामधेनु) अर्थात् गाई पनि एक हुन्। त्यसैले त गाईलाई श्रद्धानत हुँदै प्रार्थना गर्दछन्– 'लक्ष्मीर्या लोकपालानां, धेनु रूपेण संस्थिता। घृतं वहति यज्ञार्थे, मम पापं व्पोहतु ॥ अर्थात् लोक जीवनलाई लक्ष्मीको तलतल मेटाउने धेनु रूपमा रहेकी गाई यज्ञका लागि घिउ, दूध, दही, गोमय, गोमूत्र बहाएर सम्पूर्णको पापहरु नाश गरिदिन्छिन्। पाप भन्नाले अस्वस्थता हो जुन शारीरिक वा मानसिक भनेर बुझिन्छ। हाम्रा शास्त्रहरुले गाईबाटै धर्म, अर्थ, काम, मोक्ष चारै किसिमको पुरुषार्थ मानवहरुलाई प्रदान गर्ने तागत हुन्छ भनेका छन्।

त्यसै भएर पुराणहरु एक मत भएर बोले– 'हविर्दुधा' अर्थात् यज्ञका लागि हवि दिने विशुद्ध सरल प्राणी हुन् गाई। यज्ञलाई चाहिने जौ, तिल, गहुँ, धान, अन्न आदि उत्पादन गर्न गाईको बाच्छो अनिवार्य चाहिन्छ। पूजाको वेदीहरु पवित्र बनाउन गोमूत्र, गोबर अनि यज्ञहरुमा आगो जगाउन गोबरको गुइँठा अनिवार्य आवश्यक पर्छ। त्यसैगरी पञ्चगव्य देवकार्य र पितृकार्यका लागि अपरिहार्य छ।

विश्वको प्रसिद्ध ग्रन्थ महाभारतको अनुशासन पर्वमा महर्षि च्यवनले राजा नहुषलाई गाईको महत्त्व बताएका छन्। राजा नहुष म यो संसारमा गाईभन्दा ठूलो धन अरूलाई ठान्दिनँ। त्यसैले गाईको स्तवन, कीर्तन, दान र दर्शन गर्दा सबै पापबाट (रोग) जोगिन्छ। हे वीर नहुष गौमाता कल्याणकी प्रतिबिम्ब हुन्। गाईको यही अपूर्व क्षमता देखेरै त्रिमूर्ति (ब्रह्मा, विष्णु र शिव) मिलेर शिर झुकाई यसरी स्तवन गरे– 'त्वं माता सर्व देवानां, त्वं च यज्ञस्य कारणम्। त्वं तीर्थं सर्व तीर्थानाम्, नमस्तेस्तु सदानघे' यसरी पापरहित तिमी सबैकी आमा हौ, यज्ञको कारणरूपा सबै तीर्थहरुको महातीर्थ भएकी तिमीलाई नमस्कार छ। गाईको विश्वरूपको वर्णन अथर्व वेद, ब्रह्माण्डपुराण, महाभारत, स्कन्दपुराण, पद्म र भविष्य पुराणहरुमा विशद रूपमा छ।

वेदले त किटानै गरेर बताइदिएको छ 'एतत् वै विश्वरूपम्, सर्व रूपं गोरूपम्' वेद नै विश्वको संविधान हो। यही कुरा थाहा पाएरै आज पश्चिमाहरु वेद, गीता, महाभारतलाई पाठ्यक्रममा राख्न पुगेका छन्। हामी चाँहिँ त्यसलाई हटाएर आधुनिक भएको ढर्रामा दौडिरहेका छौँ। भगवान् श्रीकृष्णले गीतामा' धेनुनामस्मि कामधुक' भनेर झुके भने दिलीप, नहुषजस्ता धेरै राजा र ऋषिहरुले गोसेवा गरे। श्रीकृष्णलाई त 'गोपाल' भनेर पुकारिन्छ। जसले गोवर्धन पर्वत उचालेर इन्द्रजस्ता राजाको अभिमानलाई धुलोपिठो पारे। ट्याक्टर वा अरू खाले यन्त्रले जोतेको भन्दा गोरुले जोतेको माटो पोषिलो र राम्रो हुने कुरा विज्ञानले समेत बताइसक्यो।

यन्त्रले खेत त जोत्ला तर मलिलोपन अर्थात् उर्वरत्व दिन सक्दैन। हालका भूमिविज्ञहरुको अनुसन्धानले के कुराको पुष्टि गरेको छ भने यान्त्रिक खादले भन्दा गोरुको खादबाट अन्न राम्रो उब्जन्छ। जुन धेरै स्वादिलो पौष्टिक र गुणकारी हुन्छ। अमेरिकाबाट प्रकाशित हुने 'होर्डस डेयरिमैन' भन्ने पत्रिकाले आफ्नो सम्पादकीयमा यस्तो लेखेको छ- गाई हाम्रो दुग्ध भुवनकी देवी हुन्, उनी भोकालाई ख्वाउँछिन्, नाङ्गालाई पहिरन दिन्छिन्, बिरामीहरुको उपचार गर्छिन्, उनको ज्योति चिरन्तन छ।'

हाम्रा शास्त्रहरुले गाईका अङ्गउपाङ्गमा देवताको वास हुन्छ भनेर त्यसै भनेका हैनन्। कतिपय मेडिकल डाक्टरहरु गाईको अङ्गमा स्पर्श गर्दा रक्तचापको अधिकता र न्यूनतामा सन्तुलन आउने भनी शोधमार्फत बताइरहेका छन्। त्यसै भएर सनातनीहरुले गोपूजा, गोग्रासको समय छुट्याएका हुन्। यो गफ र अन्धविश्वास हैन व्यापक रिसर्चपछि भएको पुष्टि हो। यसैले आज गोपालहरु जन्मिएर अल्पायु, व्याधिहरु रोक्न र उत्पादनमा गुणस्तरीय वृद्धि गर्न गोपालनमा पुनर्जागरण ल्याएर गोहत्याको कुरूप वृत्तिमा धावा बोल्नु परेको छ। टाकुरामा लगेर गाई लडाई मार्ने, जथाभावी जिउँदै आमासमानकी गाईलाई पुर्ने, खाना नदिएर लौरो र घोचोले घाइते बनाएर गोठबाट निकाल्ने, गौचरनहरु हडपेर प्लटिङ गरी घडेरी बेच्ने नराधमहरु चिनेर सुशिक्षा दिने र यसको गरिमा बताउने, नसम्झने हिंसालु मनमस्तिष्कमा कडा दण्डको प्रावधान राख्न जरुरी छ। गाई वैदिक सनातनीको मात्र आस्थाको केन्द्र नभएर इसाई, मुसलमान र अन्य धर्मावलम्बी सबैले जतन वा पूजा गरेर पाल्न पर्ने प्राणी हो। त्यसै भएर 'गाई भए गोरस, भाइ भए भरस' भनेर हाम्रा विज्ञ पुर्खाहरुले गौरवसाथ भनेका।

अहिले संसारमा विकासे मलमार्फत धेरै अन्न उब्जाउने अभियान चलेको छ। हो, केही वर्ष त मनग्गे अन्नपात उब्जनी हुन्छ तर विस्तारै माटोको उर्वराशक्तिमा ह्रास आएर संसारमा नै सङ्कष्ट निम्त्याइरहेको छ। स्वस्थ व्यक्तिलाई अझ तगडा बनाउन र रोगीहरुको रोग शमन गर्न गोमूत्र बहुमुखी सुलभ ओखती हो। गोमूत्रमा पोटासियम, क्याल्सियम, मेग्नोसयिम, क्लोराइड, युरिया, फास्फेट, अमोनिया, क्रिएटिनिन आदि विभिन्न पोषक क्षार विद्यमान छन् भनेर विज्ञहरुले पत्ता लगाएका छन्। गोमूत्र पान गर्ने, मालिस र पट्टी लगाउनेजस्ता विधिहरु बताइएका छन्। जसबाट चर्मरोग, रुघाखोकी, पिनास, मोटोपन, कब्जियत, जलोदर, वायुविकार, संधिवात, कफ, मुटुरोग, कोलस्ट्रोल र अहिले संसारमा दुःख दिएका विभिन्न फ्लु र तात्तातो महामारी बनेर आएको कोरोनासमेत यसको सेवनले ठीक हुने कुरा प्रयोगसिद्ध भइरहेका छन्। दुई चम्चा गोमूत्रमा बीस लिटर पानी राखेर सधैँ स्नान गरेमा कोरोनाको दुहाइ हुने कुरा विज्ञहरुले बताइरहेका छन्। रुघा लाग्दा नाक वरिपरि गाईको घिउ घसेमा तुरुन्त हल्का हुने हाम्रै अनुभव छ। गोमूत्र र गोबरले नुहाउँदा चाया, शरीर चिलाउने, लुतो र खटिरा स्वतः निर्मूल भएको अनुभव ताजा छ। गाईको गोबरले हैजा, मलेरिया, दाद, आगोले डढेको, सर्प र बिच्छीका डसाइ सबै शान्त हुन्छन्। गोबरको दन्तमञ्जनले दाँतबाट रगत आउने, दन्तहर्ष हुने, मुख गनाउने, दाँतका कीरा मर्ने, पायेरिया आदि नष्ट पार्दछ। गाईका यी पाँच तत्त्व गोमूत्र, गोबर, दूध, दही, घिउ जो पञ्चगव्य हुन् यिनको मानव जीवनमा मात्र नभएर सम्पूर्ण प्राणी मात्रको महौषधि सिद्ध भएका छन्। यतिखेर फिनेल र विभिन्न विषादि छर्कनु भन्दा गोमूत्र र गोमयको प्रयोग गर्न पर्ने देखिन्छ। असाध्य महारोग बनेको यतिखेरको कोभिडको कुनै खोप र औषधि पत्ता नलागेको विश्वमा यसबारे अझ रिसर्च गरेर अनुसन्धाता तथा चिकित्सकहरुले नयाँ आयाम दिन सकून्। त्यसै हाम्रा पहिलेका ऋषिमुनिहरुले गाईलाई असाध्यै आदर गरेका हैनन्।

Green Hut Lounge
&
Cafe with Banquet

तपाईहरुको सेवामा सधैं समर्पित छ।

स्वच्छ, सफा, पारिवारिक आनन्दमा बसेर सेवा लिन सक्नु हुनेछ।
स्थानः चण्डोल चोक, काठमाडौं

सम्पर्क नम्बरः०१-४४३४११३

# अर्थतन्त्र सहज निकासको विकल्प

**मनिष आचार्य**

कोभिड-१९ ले विश्वका छ अर्बभन्दा बढी जनतालाई लकडाउनमा राखेको छ। विश्वभरि नै आर्थिक तथा मानवीय गतिविधि ठप्प प्रायः भएको छ। विश्वमा आर्थिक मन्दी एवं बेरोजगारीको अवस्था अबका दिनमा स्पष्ट रूपमा देख्न सकिन्छ। यसको प्रभाव दूरगामी पर्ने र विश्वले खुला अर्थतन्त्रभन्दा पनि जनताको आवश्यकता परिपूर्ति गर्ने न्यूनतम आवश्यकताका वस्तुहरु आफ्नै देशमा उत्पादन गर्नुपर्ने कुराको अनुभूति गराएको हुनुपर्छ। हाम्रो जस्तो देशले त अझ गहन रूपमा बुझ्नुपर्ने भएको छ।

सर्वप्रथम त अहिलेको समयमा देशको आर्थिक गतिविधिलाई कसरी सरल र सहज बनाउने भन्ने कुरा महत्त्वपूर्ण चुनौतीका रूपमा रहेको छ। अहिलेको समयलाई सही तरिकाले व्यवस्थित गर्न सकिएन भने धनी र गरिब बीचको खाडल अझ बढ्न गई देश अस्थिरतातर्फ उन्मुख हुनुका साथै दस पन्ध्र वर्ष पछाडि धकेलिन सक्छ। अहिलेको विषम परिस्थितिलाई सरकार र वित्तीय संस्थाहरुले अवसरको रूपमा हेरी आवश्यक परे केही नीतिगत निर्णयहरुसमेत गरी व्यवस्थापन गर्न सकेमा छिट्टै नै नेपालको अर्थतन्त्र र देशको उद्योग कृषि क्षेत्रहरुमा आमूल परिवर्तन आउने र जनता अझ खुसी र सुखी पनि रहन सक्छन्।

यो समस्या कुनै एक प्रकारको उद्योग, व्यवसाय, वर्ग र क्षेत्रमा मात्र सीमित नभई समग्र विश्व अर्थतन्त्रलाई डगमगाइदिएको छ। यस अवस्थामा नेपाल सरकारले देशको उद्योगी, व्यवसायी र ऋणीहरुलाई जोगाई कृषिक्षेत्र र आन्तरिक पर्यटनलाई वृद्धि गर्ने र कम्तीमा देशलाई आवश्यक र सम्भव हुने उत्पादनलाई जोड दिने र विलासिता र महँगा वस्तुहरुको आयातमा कडाइ गरी अनुत्पादक क्षेत्रहरुको लगानीलाई निरुत्साहित गर्दै अर्थ व्यवस्थालाई सरल तरिकाले चलायमान गर्न सकिन्छ। जसको लागि निम्नलिखित उपायहरु अवलम्बन गर्न सकिन्छ।

१. सरकार र सम्पूर्ण वित्तीय संस्थाहरुले २०७७ साललाई सङ्कट वर्ष घोषणा गरी आफू बाँचौं, अर्थतन्त्र जोगाऔं को नारालाई अगाडि सार्दै जति पनि उद्योगी व्यवसायी र ऋणीहरु छन् उनीहरुको ऋण र किस्ता तिर्ने समयावधिमा थप ६ महिनादेखि १ वर्ष समयसीमा थप गर्ने। जसमा बढी असर गरेको पर्यटन क्षेत्रलाई १ वर्ष र बाँकी क्षेत्रलाई ६ महिना थप गर्ने।

२. सङ्कट वर्षमा किस्ता तिर्ने ऋणी उद्योगी व्यवसायीलाई सकेसम्म बढीभन्दा बढी व्याजमा छुट र वित्तीय संस्थाहरुले दिन सक्ने थप सुविधाहरु दिने। जसले गर्दा सक्नेहरुलाई किस्ता तिर्न उत्प्रेरणाको साथै नसक्नेले समय सीमा पछिदेखि महिनाको हिसाबले किस्ता तिर्दै जान्छन्। जसले गर्दा ऋणीहरुलाई आर्थिक भार पर्दैन र व्यापार व्यवसाय पनि बन्दको स्थितिमा पुग्दैन।

३. सरकार र नेपाल राष्ट्र बैङ्कले विशेष नीति नै बनाएर बैङ्क तथा वित्तीय संस्थाहरुले बचतमा बढीमा ३ प्रतिशत र मुद्दतीमा बढीमा ५ प्रतिशतभन्दा बढी व्याज दिने नियमलाई खारेज गर्ने, जसले गर्दा सम्पूर्ण वित्तीय संस्थाहरुलाई व्याजको बोझ कम पर्न गई ऋणीहरुले सस्तो व्याजदरमा ऋण प्राप्त गर्न सक्दछन्। त्यस्तै नेपाल सरकारले पनि बढी मा ० वा १ प्रतिशत सम्ममा बैङ्क तथा वित्तीय संस्थाहरुलाई रकम उपलब्ध गराउने। वित्तीय संस्थाहरुले पनि प्रशासनिक खर्च बढीमा २ देखि ३ प्रतिशतसम्म राखेर उद्योगी व्यवसायी र कृषि क्षेत्रमा ऋण सहज र सरल तरिकाले उपलब्ध गराउने।

४. विश्वमा नै पर्यटन व्यवासायलाई सबैभन्दा बढी असर गरेको र विदेशी पर्यटकहरु नेपाल भ्रमण गर्न आउने सम्भावना न्यून भएकाले कोरोना सङ्क्रमण रोकिने वित्तिकै आन्तरिक पर्यटन प्रवर्धनको लागि केही पहल गर्नु पर्दछ। यसको लागि राज्यले सम्पूर्ण आफ्ना कर्मचारीहरुलाई आन्तरिक पर्यटन प्रबर्द्धनको लागि वार्षिक १ महिनाको तलब उपलब्ध गराउने साथै सम्पूर्ण उद्योगी व्यवसायीहरुले पनि आफ्ना कर्मचारीहरुलाई कम्तीमा १५ दिनको तलब उपलब्ध गराउने र पर्यटन व्यवसायीहरुले पनि आफ्नो व्यवसायलाई ब्रेकइभन पोइन्टमा राखी व्यापार विस्तार गर्ने नीति अवलम्बन गर्ने। यसले गर्दा कम्तीमा ५० प्रतिशत रोजगारी गुम्ने सम्भावना कम रहन्छ र पर्यटन व्यवसायीहरुलाई पनि राहतको अनुभव हुन्छ।

५. सरकारले घरभाडा छुट दिन गरेको आग्रहलाई केही संशोधन गरी प्रत्येक घरबेटीलाई बैङ्कमा किस्ता तिर्न छुट लिएको समयसम्म अनिवार्यरूपमा ५० प्रतिशत भाडा छुट गर्न लगाउने जसले गर्दा भाडामा बस्ने र भाडामा बसेर व्यवसाय गर्नेहरुलाई पनि सहज अनुभव हुन जान्छ र घरबेटीलाई पनि घर खर्चबापतको ५० प्रतिशत भाडा प्राप्त हुने भएकोले दुवै पक्षालाई राहत हुन जान्छ।

६. कोरोनाको कारणले विदेशमा काम गर्ने दशौं लाख मानिसहरु स्वदेश फर्कने हुनाले बेरोजगारी अत्यन्तै बढ्ने निश्चित छ। दैनिक ज्यालादारीमा काम गर्ने मजदुरहरूको काम बढाउन साना उद्योग तथा व्यक्तिगत रूपमा घरको निर्माण मर्मतरसम्भारको निम्ति रु. ५ देखि १५ लाखसम्मको ऋण सरल व्याजमा सहज तरिकाले उपलब्ध गराउने। त्यस्तै कृषि उत्पादनका लागि २ लाखसम्मको ऋण बढीमा २ प्रतिशत र सो भन्दा माथिको ऋणमा ५ प्रतिशतसम्ममा कृषि ऋण उपलब्ध गराउने। यसले कृषि उत्पादन वृद्धि गर्नुका साथै बेरोजगारीको समस्या पनि हल गर्नेछ।

यसरी आफू बाँचौं र अर्थतन्त्रलाई जोगाउँ भन्ने नारालाई आत्मसाथ गर्दै माथिका बुँदाहरुलाई राज्य र वित्तीय संस्थाहरुले अवलम्बन गर्ने हो भने यो सङ्कट वर्ष अवसरको रूपमा रूपान्तरण भई नागरिकहरुको सरकार र वित्तीय संस्थाप्रतिको विश्वास अझ बढ्न जान्छ।

बालबालिका हराएमा, बेवारिसे अवस्थामा फेला परेमा वा अपहरणमा परेमा बालबालिका खोजतलास समन्वय केन्द्रको पैसा नलाग्ने फोन नं. १०४ मा खबर गरौं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# देश भनेको शासकहरुको भजन–कृतन गर्ने मण्डप मात्रै हो ?

**माधब थापा**

२०१९ डिसेम्वरमा चीनको वुहानबाट सरु भएको (कोभिड-१९) कोरोना भाइरसले आजसम्म आइपुग्दा बिश्वब्यापी महामारीको रुप धारण गरेको छ। सिङ्गो मानवजाती माथि नै डर, त्रास र आतङ्क सिर्जना गरेको छ। संसारका २०९ राष्ट्रमा यो भाइरसले अतङ्कको वर्चश्व जमाउन सफल भइसकेको छ। संसारभरी यस खतरनाक भाइरसका कारण संक्रमितहरुको सङ्ख्या दिन प्रतिदिन गुणात्मक रुपमा बढ्दै जाँदा रोगीहरुको संख्या १७ लाख हाराहारी पुगिसकेको छ। त्यस्तै यसबाट ज्यान गुमाउनेहरु पनि १ लाख नाघिसकेको छ।

विश्व स्वास्थ्य संगठन (डब्लु एचओ)को प्रतिवेन अनुसार नेपाल पनि यो भाइरसको उच्च जोखिममा रहेको छ। यो अवस्थाको चुनौतीलाई सामना गर्न नेपाल सरकार कत्तिको सक्षम छ ? भन्ने कुरा प्रारम्भिक चरणका केही सरकारी गतिबिधी र सरकारको नेतृत्व गर्नेहरुका ब्यवहार अनि तीनका अभिब्यक्तिले प्रष्ट पार्दछ।

यो महामारीले नेपाललाई पनि सिक्न, जान्न र प्रारम्भिक तयारीमा जुट्न सरकारलाई पर्याप्त समय दिएकै हो। पुर्वी एसियाली मुलुकहरु खासगरी भियतनाम, कम्वोडिया, कोरिया, लाओस, जापान,थाइल्यान्ड, सिङ्गापुर,म्यानमार र बंगलादेश जस्ता अत्याधिक जनघनत्व भएका मुलुकहरुले यी तिन महिनाको अवधिमा कोरोना भाइरस नियन्त्रनका लागि आफुलाई दर्होसंग तयार पार्दै आफ्ना जनतालाई जोगाउन अथक प्रयत्नबारे नेपाल सरकार अनविज्ञ थिएन। महामारीको सन्दर्भमा कुरा गर्दा केपी ओली नेतृत्वको सरकारले यो भाइरस संक्रमणबाट मुलुकलाई बचाउन तत्काल उचित निदान एवम् स्वास्थ्य उपचार सहितको सिङ्गो ब्रहमाण्डको आशा भाषणमा र सम्बोधनमा निरन्तर बाँडेको छ। सरकारले ११ गतेबाट मुलुक लकडाउन गर्यो, त्यो एउटा स्वागतयोग्य कदम हो। तर त्यसपछि र अघिका कुनैपनि कदमहरु सरकारको टालटुले मात्र रहे। लकडाउन अघि छिमेकी मुलुकहरुले महामारी विरुद्द भिषण लडाइ लड्दै गर्दा कोरोना भाइरस तीब्र गतिमा संसारभरी फैलन सक्छ भन्ने जानकारी पाएपछि सरकारले पहिलो सबै क्षेत्रमा बन्दोबस्तीको रुपमा आवश्यक र अति आवश्यक दैनिक उपभोग्य बस्तुको जोगाड गर्दै आफ्नो मुलुका सार्वजनिक र निजी अस्पतालसगै स्वास्थ्यकर्मीहरुको आँकडा तयार पारेर आवश्यक तयारीमा बस्नु पर्दथ्यो। तर बिभिन्न बिवादमा सरकार फस्दै जाने, आफुलाई कम्युनिष्ट सरकारले विश्व महामारीको त्रासदीले जीवनको सबैभन्दा अप्ठ्यारो मोडमा धकेलेको वेला गैर जिम्वेवारीपुर्वक नौटङ्की रचना किन गर्यो। यो गम्भीर प्रश्नमाथी घोत्लिन आवश्यक छ। लकडाउनकै समयमा आवश्यक मेडिकल सम्वन्धी सामाग्री आयात गर्न रातारात कोटेसन बाँडेर सो बस्तु कतिको बिश्वब्यापी मापदण्डभित्र पर्दछन्। त्योपछि बुझौंला, यधपी त्यसमा पनि ब्यापक भ्रस्टाचार भएको कुरा आए। जसले सिङ्गो देश ततायो। चीनको केन्द्रिय सरकारले नेपाल सरकारलाई सबै किसिमको सहयोग गर्छु भन्दाभन्दै पनि ओली सरकारले किन चीन सरकारसंग वार्ता गर्न चाहेन ? यो प्रश्नको उत्तर उदारो छ।

ओली सरकार नवउदारवादी पुंजीवादको निरन्तरताका लागी भारतिय विस्तारवाद लगायत पुँजीवादी मुलुकहरुकै घन्ट र सङ्ख बजाएर आरति गरी 'तिम्रै पुजारी हौं' भन्ने अवश्य पार्न चाहन्छ। सिनोको वरिपरी गिद्दझै सत्ताको वरिपरी रहेकाहरुले खडा गरको नीजी कम्पनीका नाममा कमसल सामान आयात गरेर ठुलो रकम भ्रष्टाचार गर्ने र आम जनताको स्वास्थ्यमाथी यति गम्भिर परिस्थितीमा पनि खेलवाड गर्ने चरम अमानवीय चलखेल आम जानकारीको बिषय भैसकेको छ। दण्डहिनता मौलाएको मुलुकमा कसैलाई कार्वाइ हुने कुरामा आशा कम छ। यस्तो लज्जास्पद प्रकरणको पनि प्रधानमन्त्रि जस्तो गरिमामय स्थानको ख्यालै नगरी भ्रष्टाचारको बचाउ गर्दै आफ्नो अभिब्यक्ती दिनुले आम सर्वसाधरण जनताले के बुझ्ने? देश भनेको के हो? देश भनेको शासक हो। देश भनेको शासकहरुको भजनकृतन गर्ने भजनमण्डली हो। देश भनेको माटो हो। देश भनेको भुगोल हो। के यिनै मात्रले देश बन्न सक्छ ? के देश सत्ताको उन्मात भएका देश शासकहरुको खल्तीमा हुन्छ ? कि निमुखा, निर्धा र दुखी गरिबहरुको सपनामा हुन्छ। देश के देश फगत सत्ता हो? भोगबिलास, मान, सम्मान, पदवी र पुरस्कार मात्र देश देश हो ? देश भनेको भुगोल र भोतिक बस्तु मात्र होइन। देश भनेको चार सिमाना भित्रको माटो मात्र पनि होइन। यी सबैसंग सम्वन्धित भावना, प्रेम, सदभाव, उर्जासंगै समानता सहितको सनौलो बिहानी भन्दा अघिको सपनाहरुको बगैचा हो।

एउटा स्वतन्त्र नागरिकको लागि देश आशा सहितको सार्मथ्य हो। एउटा किसानको लागि देश खेतमा झरेको पसिनाको मोति जस्तै हो। आन्दोलनकारीहरुका लागि सडकमा पोखिएको रगत हो। एउटा बालकका निम्ति आमाको काख हो। एउटा यात्रीका लागि गन्तब्यको बाटो हो। देश भनेको आकासको चन्द्रमा हो। जसले अध्यारोलाई भगाएर उज्यालो दिन्छ। देश भनेको केहि भुगोल र धेरै भावनात्मक कुरामा जोडिएको हुन्छ। देशको परिभाषाको सुत्रमा लेखिने कुनै बस्तु होइन। यो त आत्मसम्मान सहित भावनामै लेखिन्छ। देश गणित पनि होइन। जो हिसाब किताब नभएर मनको कबितामा सजिएको हुन्छ। राज्यले नागरिक प्रति हेर्ने आंखा फरक हुनु गलत हो। त्यो सत्ताको आंखा आज कोरोनाबाट अतालिएर आफ्नो देश खोज्दै आइपुगेका आफ्ना नागरिकलाई सिहदरबारमा बस्नेहरुले चिनेनन् उनका चित्कार सुनेनन्। आफ्नै घरमा आइपुगेका सन्तानलाई घरको मुलढोकामा गजवार लगाएर आगनमै बस्न बाध्य बनायो। संङ्कटमा आश्रय नदिने घरको र बर्षामा ओतनदिने छानोको के काम ? आफ्नै सन्तानलाई पाखा लगाएर अपनाउने कस्तो सावधानी ? सावधानीको नाममा नागरिकको सार्वभौम अधिकार कुण्ठित गर्ने अधिकार कोइ कसैलाई छैन। जब मान्छे एक्लो हुन्छ, समाउने सहारा चाहिन्छ। जब मान्छे थकानले जर्जर हुन्छ, बिसाउने चौतारो खोज्दछ।

साधारण अवस्थामा उढ्न अनन्त आकास छदै छ नि भयङ्कर आधिवेरीमा न मान्छेलाई ओत चाहिन्छ। यो महामरी झटर्पट आइपरेको पक्कैपनि होइन। आम जनस्वास्थ्यसंग सरोकार राख्ने माहामारी प्रति जिम्वेवार नहुनुले अपार माया पाएको कम्युनिष्ट पार्टीको सरकारले जनताको बिश्वास गुमाउदै गएको छ। सरकार यो महामारीको चुनौतीलाई सामना गर्न अक्षम छ भन्ने कुरा स्वास्थ्य उपकरण खरिद आयातमा उसको अक्षमतासंगै अनियमिताको पराकाष्टको सांङ्केतिक स्वीकार्यता नै नेपाली सेनाको गोरवपुर्ण इतिहास हुदाँहुदै हरेक काममा सेनालाई गराउदा अन्य निकायको अक्षमता पुष्टी हुने मात्र नभइ सिङ्गो सैनिक संगठनको संस्थालाई पनि बिभादित् पार्ने सेना भित्र राजनीति घुसाइने काम हुदैछ। यसले ठुलो बिखण्डण निम्त्याउने छ। यो ओली सरकार नवउदारवादी पुँजीवादको बैशाकी टेकेर विस्तारवादी र पुँजीवादी सक्तिहरु परिक्रमा गर्दै आफ्नो स्वर्गको आधिपत्य जोगाउन जस्तोसुकै नौटङ्की सहितको हर्कत गर्न र एकाधिकार केहि मुट्ठीभर दलालहरुको जगमा उठेको कुरा केहि तथ्यहरुले प्रमाणित गर्दछ। यसका उदारणहरु भ्रस्टचारका दर्जनौ काण्डै काण्डले सरकार पोतिएको छ। यसको मार सिदासादा ,गरिब , किसान, मजदुरहरुले ब्यहोर्नु परेको छ। आज देश अत्यन्त संकटमा छ। यो संकटबाट मुक्ति दिलाउन कोहि न कोहि अगाडी आउनै पर्छ। कसै न कसैले कम्मर कस्नै पर्दछ। ब्यवस्था परिवर्तन त पटक पटक भए। तर ब्यवहार उहि र नेतृत्व उहि हुनाले जनताको दैनिकी र स्वाधिनता जिउका त्यु रहेको छ।

# अमेरीकनहरु आशावादी, विश्वको ध्यान अमेरिकातिर

**अनिलभक्त खरेल**


विश्वमा प्रत्येक वर्ष सानातिना नयाँ रोगहरु नितरन्तर देखापरेपनि कोरोना जस्तो महामारी हरेक १०० वर्षको अन्तरालमा आउने गरेको इतिहासबाट प्रष्ट हुन्छ। पहिला अन्य नामधारी महामारीले विश्वलाई दुख दियो अहिले कोरोना नामधारीले दुख दियो फरक यत्ति हो। यस्ता महामारी निरन्तर चलिरहेका छन् र चल्नेछन्। रोग आएपछि ढिलो चाँडो त्यसको रोकथाम भैरहेका छन् र हुन्छन् पनि। विज्ञहरु यसमा निरन्तर लागेका थिए र लागिरहेका पनिछन् मानव अस्तित्व जोगाउन।नयाँ रोग संगसंगै नयाँ नयाँ दबाइ खोज्ने काम पनि निरन्तर चलिरहेका छन्।यदि पृथ्वीबाट मानव जाति लोप हुन नलागेकै हो भने यसको दबाई यथासक्य चाँडै पत्ता लाग्नेछ। हामीहरु दबाई आउने आशामा बाँचौं। जसरी भोलिको सुनौलो संसारका लागि भनेर आज दुख गरिरहेका छौं। दुःखपछि सुख आउने आशामा बाँचीरहेका छौं।हो त्यसरी नै बाँचौं रोग लागेपनित्यसको दबाई पाइने आशामा। रातपछि दिन आउनेको प्रतिक्षामा बाँचौं। हिम्मत नहारौं, हिम्मत हारे भने हामीमा रोगसंग लड्ने क्षमता नै बाँकी रहँदैन उल्टै रोगले नै सधैंको लागि लडाउँछ। हो यस लोकमा जन्मेपछि सबैले एकदिन मर्नैपर्छ तर एकदिन मरिने नै हो भने आजैबाट खुट्टा तन्काउने हो भने यो सारा संसार कसरी चल्छ ? के गाडी दुर्घटना भएर मरिन्छ, हावाई जहाज दुर्घटना भएर मरिन्छ, पानीजहाज दुर्घटना भएर मरिन्छ भनेर सबै घरभित्र चुकुल लगाएर बसे यो संसार कसरी चल्छ ? हो गाडी चलाउँदा सचेतना अपनाउने आफ्नो कारण कम दुर्घटनाको सम्भावना हुन्छ तर अर्कोले आएर सिंधै दुर्घटना गराए के पो नै गर्न सकिन्छ र ? हो त्यस्तै हो कोरोनारुपी महामारी पनि। कि खाने मुख सिलाएर बस्नु नै पर्यो। सचेतना नअपनाउने हो भने घरभित्र लुकेर मात्र समाधान हुन्न। मिति पुगेकै हो भने जहाँ लुकेपनि केही लाग्दैन। यदि लुकेर बसेर बाचिने हो भने राजा परिक्षित सर्पले डसेर मर्नुपर्ने थिएन। ७ दिनका भित्र सर्पले डसेर मर्ने श्राप पाएका राजा परिक्षित दरवारमा सात घेरा पहरेदार राखेर सर्प आउने सबै मार्ग बन्द गरेर बस्दा पनि एउटा फलको दानाभित्र सर्प लुकेर बसी राजाले त्यो फल खान खोज्दा मर्नु परेको हाम्रो हिन्दु धर्मशास्त्रमा पढ्न पाइन्छ। त्यसै भनिएको हैन हुने हार दैव नटार भन्निछ। डराएर समस्या समाधान हुँदैन।

कोरोना जस्ता यस्ता महामारीले हरेक १०० वर्षमा विश्वका मानवजातिलाई तर्साइरहेको छ। सन् १७२० मा सार विश्वमा प्लेग फैलिएको थियो। सो रोग फैलिएको १ महिनामा नै ५० हजार र अरु ५० हजार २ वर्षका अवधिमा मारिए। आजभन्दा ३ सय वर्ष अगाडि झण्डै १ लाख मर्नु चानचुने कुरा होइन। सो महामारीले युरोपलाई नै बढी असर गरेको थियो।

त्यस्तै सन् १८२० मा कलेरा महामारीको रुपमा देखा पर्यो। यस महामारीका कारण पनि १ लाख मानिस मारिएका थिए। यस महामारीले एसियाली मुलुकलाई बढी असर पारेको थियो। १०० वर्ष अगाडि अर्थात् सन् १९२० मा स्पेनिश फ्लुका कारण विश्वमा ५ करोड मानिस मारिएको बताइन्छ। सो रोग नियन्त्रण गर्न २ वर्ष लागेको थियो। अहिले चिनबाट सुरु भएको कारोना भाइरसले आजका दिनसम्म विश्वका १९५ राष्टका ५ लाख भन्दा बढी संक्रमित भैसकेका र २२ हजार भन्दा बढी मानिसको मृत्यु भैसकेको छ। शक्तिशाली राष्ट अमेरिकामा मात्रै ७० हजारभन्दा बढी संक्रमति र झण्डै ११ सयको हाराहारीमा मानिसको मृत्यु भैसकेको छ। झण्डै ३५ हजार जति संक्रमित र ४ सयको हाराहारीमा मृत्यु न्युयोर्कमा मात्रै भैसकेको छ। अमेरिकाभरि अहिले दिनको ३०० को हाराहारिमा मानिसले मृत्युवरण गरिरहेका छन्। भर्खरै अमेरिकी सरकारले २ खर्ब डलरको राहतको प्याकेज पनि ल्याएको हुनाले अबको २ सातापछि अमेरिकामा मर्नेको गति कम हुने आंकलन गरिदो छ। संक्रमितको तुलनामा मर्नेको संख्या कम हुने आशामा अमेरीकी जनता आश्वस्त छन् सरकारको पछिल्लो राहत प्याकेजका कारण। यो कोरोना भाइरस नियन्त्रण राष्टपति डोनाल्ड टम्पको लागि चुनौती र अवसरको रुपमा देखा परेको छ। यदि मृत्यु दर कम गराएर रोकथाम गर्न सफल भए भने अमेरिकामा मात्र हैन कि विश्वमा डोनाल्ड टम्प हाई हाई हुनेछन्। विश्वको ध्यान अहिले अमेरिकातिर छ। अस्तु

हाल अमेरिका भर्जिनिया



# महाँकालको त्यो ईच्छा ?

**यज्ञवहादुर काकी**

संघीयताको प्रादुर्भाव भएपछि चरणवद्द योजना के के हुन त ? खै पत्तो ? सरकारमा जाने र आफ्ना कार्यकर्तालाई पोषने, विभिन्न सरकारी तथा अर्धसरकारी निकायमा भर्ती गराउने र विहानदेखि वेलुकासम्म गुण्डा र वुद्दी हिनहरुकै कुरा सुन्ने र दिन विताउने ? राजनीतिको आधार स्तम्भ भनेका को हुन तिनै लठैतहरुलाई सोध्नुहोस त, के जवाफ दिन्छन । सवै पैसा र शक्ति भन्दछन उनीहरु त्यसैले प्रास्य म उनीहरुसंग वहस गर्नै चाहन्न । मैले चिने जानेका हर लठैत यस्तै छन । जनताको नजरवाट गिरेपछि फेरि उठाउन समय र मेहनत दुवै लाग्दछ । विद्यमान परिस्थिति नेपालको लागी विकास गर्न सुनौलो अवशर हो । किन दुई तिहाई सरकारलाई जनताले र अन्य राजनैतिक साना ठुला दलहरुले पत्त्याउन सकेनन । किन विदेशीले भर गरेनन ? प्रथमतः चुनावी ऐजेण्डा जे थियो नयाँ त त्यो हुदै हो तर त्यसका लागी दक्ष जनशक्ति कहाँ थिए त ? मास्टर प्लान वनाउन सक्ने को थियो त ? अत्तो पत्तो थिएन । सोचाई थियो व्युरोक्रेसिले मद्दत गर्छ त्यो नै गलत सोचाइ भयो । सामान्य नागरिकहरुका सामान्य झै झगडा मिलाउन नसक्नेहरु पनि न्यायविद् भएका देखिए । एउटै उदाहण दिऊ (( गाउँघरका सोझा सिधा र अशिक्षित महिलाहरुलाइ जम्मा पारि मिठा मिठा गुलिया । कुरा गरि महिला समूह ( विभिन्न नाम गरेर ) पहिला पहिला (आमा, समूह छोरी समूह , वुहारी समूह ) आदि नामाकरण गरि समुहहरु गठन गरिएका हुन हाल ती नामहरु वदलिएको छन र अन्य नामहरु राखिएका छन त्यसका भित्री मकशद अर्को हुन । महिलाहरुले जम्मा गरेको रकम (वचत ) को प्रक्रिया हेरौ ।

१. ऋण लिन पाईने तर आफ्नो साम वा व्याज भने कहिल्यै झिक्ने व्यवस्था छैन । २ .ऋण झिक्दा अन्य दुई महिलाहरु साक्षी वस्नु पर्ने ताकी उसले नतिरेको अवस्थामा जमानीहरुले ( साक्षीहरुले) व्यहोर्नुपर्ने । तसर्थ टाठा वाठा महिलाहरुका लागि यो सुविधा सम्पन्नको परिभाषामा पर्यो लाटा सुधा ऋण लिन डराउने भए तर समुहमा भने पैसा वुझाई रहे र अरुलाई सजिलो पारिदिए । बिकाशको पहिलो मोडेल यहि हो ।

३. के हो त सामुहिकताको अर्थ् ? सरकार यस्ता शोषणमा किन चुप ? त्यसैले यस्ता संस्था दर्ता गर्न दिने र अनियमित गर्नेहरु उपर चुप रहने पनि सदाचारीनै हुन परिभाषा खोजिरहनु जरुरी छैन ।

४. सुरुमा ऋण लिए पछि प्रतेक महिना किस्ता वुझाउदै

गएपछि त ऋण घटदै घटदै घटेको ऋणमा व्याज नलाग्नु पर्ने होईन र ? तर समुहमा त्यस्तो देखिदैन वरा वरअंकमै किस्ता वुझाउन लगाइ रहिन्छ ।

यस्तो पनि हुन्छ र महिलाको विकास र उन्नति ?

हेर्न कसले ?

५. नेपाल तेस्रो मुलुक हो यसर्थ यहाको सवै क्रिया कलाप तेस्रो मुलुक सुहाउदोनै हुन्छ ।

६ . खै रोजगारी ? विदेशमा गएका हाम्रा छोरा छोरीका रेमिटेन्स लिएर फुर्ती के सुविधा दिएका थियो र भन्छन् दुनियाँ , अध्ययन भिसामा जादा वा कामको भिसामा जादा लगानी त छ त सरकारको त्यसैले उसको लगानी छैन न ऋण सुविधा दिएको छैन भन्नू झुठो हो । रोजगारीमा जान यति धेरै सहुलियत पाएको छ । झुट्टा कहिँ का ।

६ . सारा ठाउँमा भ्रष्टाचारको जालो छ निकालौ भने उसैको सालो छ । के गरोस उ ? चुप भएर वस तिमी ।

७. विपक्ष लगायत सारालाई विभेदको दृष्टीकोणको आँखाले हेर्छ अनि भन्छ अरुले सहयोग गरेनन । ठिकै त देखियो गर्ने के ?

८. सारा राज्य प्रशासनमा ठिक मानिस ठिक ठाउँ छैन

फेरि सुशासन र समृद्धि पनि भन्छ । अजव नेपाल गजव नेपाल ।

९. हिजो मात्रै जनताको ज्यु ज्यानको सुरक्षा भएन नाङ्गै आँखाले देख्यो । संसारले थाह पायो दोषि को त ?

मर्ने या मार्ने कारण के थियो ?

यदि सकक्ली मानवाधिकारवादि भै दिएका भए घामजत्तिकै छर्लङ्ग हुन्थ्यो यसरी निहुरी मुन्टो लगाउनु पर्ने थिएन (( किन जनताले मानवाधिकार छैन

मानवाधिकार हेर्ने संस्था पनि सबल छैन भन्छन त ?

सोध उनीहरुलाइ या तथ्यांक संकलन गर ।

महिला हिंसा वढेको छ दवाईन्छ पनि फेरि निकायले

सुनुवाई को कार्यान्वयन गर्न ढिला गर्छ भनिन्छ महिला अधिकार सुरक्षित र सबल छ के का लागि वोलीएको हो त्यो -रहस्य वुझेनन जनताले ।

१०. अहा । त्यसको कुरै नगरौ मैले न्याय दिएँ भनिरहेका छन उनीहरु तर न्याय पाउनेले न्याय पाएँ भनेकै छैनन ।

किन त्यस्तो हुन गयो त ? उद्ययानमा गै वस सव तत्व

खुल्दछन ।

११. समाज किन विखण्डित भयो एउटाको दर्दमा अर्को किन हाँसिरह्यो कारण त होला नी ? किन छैन सहिष्णुता नभएपछि त्यहि टुटाउने वातावरण वने पछि फेरि भन्नू पर्ला र किन भयो भनेर । राम राज्य भनेकै यहि हो ।

१२ .उद्योगहरु भए भरका धरायसी पारेर अब समृद्धिको

चरम चुलिमा उक्लने कुरा गरौ । खल्तीमा पारेको पैसा चाहिँ कता छ थाहै पाएनन ।

१३ . देवो पैसा विदेशीहरु हो दिल फुकाएर देवो जनताको नाममा भनेर किन दिने ? उनीहरुकै नाममा जति दिन पर्छ देवो हामी केही भन्दैनौ ।

१४ . हिजोसम्म उनीहरु विदेशीको ऋणमा नेपालीलाई डुवाए भन्थे आज उनीहरुले चाहिँ ऋण घटाई दिए भन्दछन यो भन्दा ठुलो उपलब्धि के होला ?

१५ . आज जालसाझीँमा माहिर , गर भन्नासाथ सपथ विर्सेर गरि छाडने , सत्यको पथमा हिडने निका र चमकदार गाडी चढेर घन्टौ जनतालाई सासना दिएर

जनताको मानिस म हुँ भन्नेलाई सलाम ।

१६ .पिर मर्का जे होस दशैमा त भुकम्पको अनुदान दिईएकै हो यो भन्दा ठुलो उपलब्धि के चाहियो राहत ? घर नवनाए तिर पैसा । धेरै ठुलो विरोध भयो भने व्याज समेत लिन्छौं (( वुझे हुन्छ ।

१७ . अहो ! साहित्य , दर्शण र कलाको त कुरै लोप हुन लाग्यो ? कहाँ हुन्छ त्यस्तो ? प्रज्ञा प्रतिष्ठान छैन र ?

ललितकला छैन ,र ? विर्सीयौ राष्ट्रिय नाचघर सवै त विद्त वर्गले खचिखचाउ छ त त्यहाँ ? आफ्ना साथीभाइले लगे भने ५००० ।. को पनि पुस्तक किनी दिन्छन साधारणले लगे भने २०० ।. को एउटा पुस्तक किनी दिन पैसा हुदैन । रोईकराई भन्यो भने मुस्किलले १ वटा किनी देलान (अहाँ कस्तो विद्वतहरुको प्रतिष्ठान (( अरे मूर्ख भन्नू पर्दैन त नेताहरुलाई ? पिरलो किन लिनु पर्थ्यो र ?

१८ . धारामा पानी छैन महसुस तिरी रहनु पर्छ । हैन पहिले फर्म भर्दा धारा मागेको कि पानी ? त्यति पनि वुझ्दैनौ ठिकै छ मागेको त पाएकै छौ ।

अब भन (( नेपाल अब कहाँ पछाडी पर्छ ?

१९.एन .जी ओ .आई. एन . जी .वो सवैको रिपोर्ट हेरन कत्ति उम्दा विकाश भएको छ यहाँ- चुथ्थे राजतन्त्र थियो र पो नभएको म्याकावलीको सिद्धान्त नवुझ्ने राजा । तानाशाह भएरै खत्तम ।

अब त कहाँ हो र ? लोकतन्त्र विश्वको उतकृष्ट पद्धति ।

देखेनौ सवै पारदर्शी छ यहाँ ।

२०. यसलाई कुन आरोप लगाउने निर्धारण गर ।नाटक गरेर देखाई देऊ त्यो खराव थियो भनेर ( प्रोपोगन्डा ) गरे हुन्छ गोल्वल शैलिको प्रोपोगन्डा , किनकि बहुदल ल्याई दिने त आफ्नै मानिसहरु हुन थाह पाएर पनि वुझ पचाई हाल्दछन । हैन भने छदैछ माफिया लगाई दिउला सर्तमा । नेपाल अब किन पछि पर्ला र ? दुर्त गतिले अगाडि वढदछ । देश वढे वढोस , नवढे नवढोस सिमितले त

थैलो भर्न पाएकै छन । कसो त ?

२१ . पशुपति शर्मा जस्ताले त रोई , रोई हाँसेका छन एक पटक फुकिदिए हाँस भनेर हाँस्या हाँस्यौ छन । देखे त सवले युटुवमा । सच्चाई नै हो यो ।

२२ .कहाँ रवि लामीछाने जस्ता कचकच गर्न आएका अमेरिकी फिरौती ((( स्वास्नी पनि धेरै वटुल्ने नागरिकता पनि त्याग्ने ((कहाँ को पत्रकार ? यहाँ यस्ता यस्ता

जम्वु पत्रकार हुदा हुँदै । नेपाल अब किन पछाडी पर्छ र ? हामी जनताका ईमान्दार नेता हुदा हुँदै । यो नै सार गर्भित कुरा हो वुझे हुन्छ ।

२३. फेरि भेटौला है भन्ने कता गएँ हँ ? वेपत्ता पर्नेहरु वेपत्ता पो पारेकि क्या हो ? हैन सत्य निरुपण आयोग छदै छ नि ? राजाको पालामा पनि त जाँच वुझ आयोग थियो हैन र ?

कत्ति सत्य तथ्यमा जाँच वुझ गर्यो आयोगले , कस्तो विर्सेको ? नमिता , सुनिता काण्ड पत्ता लगाएको हैन र ?

यहाँ पनि त पुनराबृती भएको हो । आयोग वनेकै छ ।

किन शंका गरि रहेका होलान अवुझहरु ।

शंकाको सुविधा अभियुक्तले पाँउदछ भन्ने पनि थाह छैन

यिनीहरुलाइ ।

२४. फेरि विर्सेको - विर्सीने वानी नराम्रो। के गर्नु ब्र्म्ही

खाएकै छैन, त्यसैले विर्सी हालिन्छ । . अँ । सम्झे मेरो सरकार । ठिक हो त्यो उनिहरुकै सरकार हो जनताको कहाँ सरकार छ र ? जनताको त

वे घरवार हुन्छ । जनताको त ज्यु धन सरकारको हुन्छ ।

यस्तो हुदा नि नेपाल पछाडि पर्ला र ?

२५ .वालुवाटार कस्ले किने छ हँ ? आँ ,जस्ले किने पनि किनोस के को टाउको दुखाइ ? टुकुचाँ को नक्सा गायव रे नि त ? कहाँ थियो र टुकुचामा नक्सा नक्सा हुन्छ नापीमा । टुकुचाँमा हालीदिए त वगाउदछ । त्यसैले वगायो होला वाढी आएको वेलामा । हैन भने ट्र्याल हाल्दा घटि वढि पनि हुन सक्छ नि ? नक्सामा टुकुचा होला फिल्डमा नहुन नी सक्छ नी ? नसक्ने त केही हुदैन संसारमा ?

२६ . हैन अब ०२१ सालको नक्सा वमोजिम खोला पठाउने रे नि त ?

ए त्यसो भए परापुर्व कालमा टुढिखेल वरि परि दवदवा हिलो थियो ( धाप) र जंगल थियो त्यहि धाप र जंगल भएको कारणले कोहि जानसक्ने थिएनन भनिन्थ्यो महाँकाल रहेको छ त्यहा ,भनिन्थ्यो , महाकाललाई हेर्ने रहर भयो मानीसहरुलाई जंगल हटाईयो धाप सुके बिस्तारै मानिसहरु महाँकालका का नजिक पुगे . महाँकालले सोचे म कहाँ आउन सक्ने यिनीहरु मलाइ , हेर्न सक्ने भयङ्कर शक्ति सम्पन्न हुनु पर्छ उनले भने कालान्तरमा मानिस म भन्दा नि वलियो होस तर वुद्दी नहोस , मनलागी जे पनि गरोस ,आफै झगडा गरि गरि नाश होस , नभए षडयन्त्रवाटै भए पनि अकाल मृत्युमा परोस , त्रिताप परि रहि रहोस । हे दैव ! महाकालको त्यो ईच्छा सत्य सावित भयो । आज महाँकालमा सवै जान्छन महाँकालले कसैको सुरक्षा गर्दैनन् न राजाको न प्रजाको ।

२७. रैती वाट प्रजा भएरे शब्दको जादु छर्नेहरु वहुत भए तर रैति र प्रजाको भेद छुट्टाउन गाह्रो भयो ।

जय शंकर भोला जसो होला होला ?

महाँकाल एक फेर आँखा खोलेर हाँसोस तमासाले छुट्टाउदछ सच्चाई । महाँकालको त्यहि ईच्छा होला ।




## मातृभूमिको हावा समेत मलाई सुखदायक छ

**भिक्षु आनन्द (पुर्व सभासद)**

यो पंक्ति लेख्दै गर्दा नेपाली अश्मिता, अखण्डता, स्वाधीनतामाथि भारतबाट निरन्तर बलात्कारको अर्को शृंखला लिपुलेक(कालापानी हुँदै लिम्पियाधुरा सम्म ८० कि.मि.को बाटो निर्माणको प्रसंगले सम्पूर्ण नेपाल तरंगित भएको छर नेपाल आमाको छाती माथि धावा बोल्दास अश्मिता माथि बलात्कार गर्दा सरकार र सत्ताधरीपक्ष लाचार छन्, निरीह छन्, अकर्मन्य छन्र राष्ट्र र रास्ट्रीयताप्रति संवेदनशील नै नभएको देखियो र नेपाल(आमाका सन्तान हामी केहि गर्न नसकेर दुखी र विवश छौं र प्रतेक नेपालीको मनमा उद्वेग र क्षोभ छर बिद्रोह र बिरोध छ र विद्रोहको आवाज उठौनेहरुलाई सत्ताधरी पक्षले दबाएको छ ।

येही प्रसङ्गमा मलाई बुद्धको जात्यानुरागी, देशानुरागी उद्‌बोधन याद आउछर मातृभूमिबाट बहेको हावा समेत मलाई प्यारो र सुखदायक छ... यो उद्‌बोधन आफ्नो मातृभूमि शाक्यजनपद कपिलवस्तु आक्रमण गर्न स(शस्त्र सेनासहित आएका कोसल राजा बिदुदभलाइ बीच बाटोमै रोकेर दिएको मातृभूमि प्रतिको देशानुरागी उड्‌गार थियो...! बुद्धको यो उद्‌गार्‌को आशय बिदुदभ्ले बुझिहाल्यो र सेनासहित बिना आक्रमण फर्के र भनिन्छ तीन पटकसम्म बुद्धले आफ्नो मातृभूमि र जनता बिदुदभ्को विध्वंशकारी युद्धबाट बचाएका थिए र बुद्ध जस्ता संसारिक प्रपन्चबाट मुक्त, जाति, वर्ग, लिङ्ग, भाषा, राष्ट्र जस्ता लौकिकस्तरबाट लोकोत्तरस्तरमा पुगिसकेको महान अध्यात्मिक-व्यक्तित्वलाई आफ्नो देश र जनताप्रति अनुराग, देश(प्रेम, संवेदनशीलताको गहिरो छाप कत्तिको छ भन्ने स्पस्ट हुन्छर कारण धर्म, अध्यात्म, संस्कृति, सभ्यता अभौतिक, आलौकिक भयपनि यी सबै अभ्यासगर्न, युगौं-युग भावी सन्ततिलाई हस्तान्तरण गर्न हामीलाई अनुकुल वातावरण चाहिन्च्चर बिना देश, राष्ट्र, भुमि, प्रदेश, स्व(स्थान, धर्म र अध्यात्म, संस्कृति र परम्परा अभ्यासको लागि अनुकुल वातावरण पाउन असम्भव नै हुन्छ । इतिहासमा कयौं देश, राष्ट्र, भूभाग बिदेशी आक्रमणका कारण भौमिक अखण्डता, सार्वभौमिकता, स्वाधीनता गुमाएर आफ्ना पहिचान, अस्तित्व नै अन्य देश र राष्ट्रमा बिलय र विलोप भइ इतिहासबाट निमीत्यान्न भएका कयौं उदाहरण छन्र शायद तथागत बुद्धले बिदूदवलाइ कपिलवस्तु आक्रमणबाट रोक्नुको पछाडी पनि आफ्नो देशको सार्वभौमिकता, भौमिकअखण्डता मात्र नभई आफु जन्मेको माटो, जननी(जन्मभूमिसंग जोडिएको आफ्नो रगतको कण(कणमा विद्यमान अनुराग, देश प्रेम नै होर आफ्ना देशका जनता, नागरिक, परिवार मात्र नभई अच्छुन्न गौरवशाली इतिहास बोकेको आफ्नो देश, कला संस्कृति, सभ्यता पहिचानको अस्तित्व(संकटको पीर परेकोलेनै होला र नभए बुद्ध जस्तो जीवन र जगतको प्रपन्चबाट उन्मुत निरपेक्ष तत्वमा पुगिसकेको लोकोत्तर तथागतलाइ बिदुधबको आक्रमण र अतिक्रमण रोक्नु खाँचो थिएन र नेपाल इतिहासकाल देखि अविछिन्न, अखण्ड स्वतन्त्र र स्वाधीनता बोकेको गौरबशाली देश हो र नेपाल न त बिदेशी आक्रमण र अतिक्रमणबाट छिन्न(भिन्न भयो न त ब्रिटिश अधिरज्यवाद, हिटलरको नाशिवाद, जापानी अधिराज्यवाद, अमेरिकी विस्तारवादको उपनिवेश नै बन्यो र हाम्रा बीर पुर्खाले रगत(पसीना बगाएर पूर्वमा टिस्था र पश्चिम किल्ला(कांगडासम्म बिशाल नेपाल निर्माण गरेका थिए र तर दुर्भाग्य सन् १८५० को सुगौली सन्धिमा नेपालले दुइतिहाइ भूभाग गुमाउनु परेको थियोर बचेको अहिलेको हाम्रो भूभाग पनि पटकपटक सीमा(अतिक्रमणबाट करिब ६० हजार हेक्टर नेपाली भुमि गुमाउनु परेको छर कालापानी, सुस्ता, लिपुलेक, लिम्पियाधुरा, टनकपुर जस्ता अनेकौं भूभाग नेपालको हुँदाहुँदै भारतले आफ्नै दाइजो जस्तै बर्सौं देखि कब्जा जमाई राखेका छन् र आखिर भारतको ज्यादती अगाडी नेपाल किन मौन..?

जब घरको धुरी नै कमजोर, निकम्मा र निरीह हुन्छ,, तब सम्पूर्ण घरनै निरन्तर अस्थिरताले दग्मगाउछर त्यसरी नै सधैं कम्जोर, लाचार, लम्पसारवादी नेताहरुले सत्ता चलाएको कारण नेपालको राष्ट्रिय नेतृत्व, राष्ट्रिय स्थिति सधैं कम्जोर नै रहेर रास्ट्रियताको सवालमा सधैं समझौतापरस्त र आत्म(समर्पणवादी भएर पद, प्रतिष्ठा सत्ता र कुर्सिको लागि आफु आफु नै लड्ने, विभाजित हुने र भारत सामु निरिह भै आफ्नो इमान र आत्मा बेचेर देशको स्वाधीनता र सार्वभौमिकता बेच्न पनि तयार रहेर नेपालको राष्ट्रिय नेतृत्वमा कहिले पनि शक्तिशाली, दूरदृष्टिगामी नेतृत्व उदय भएनर पटक(पटक जन-आन्दोलन, जन-क्रान्ति भएपनि बिचमै तुहिए या त अपूर्ण रहेर राजा महेन्द्रको शासनकालमा तत्कालिन भारतकी प्रधानमन्त्री इन्दिरा गान्धीले नेपाल सानो छ भारतमै गाभेर बिकास गरौं.. भनेकी रहिछन! त्यो सुनेर राजा महेन्द्रले भनेका थिए, हुन्छ, प्रस्ताव राम्रो छ ! तर नेपाललाई भारतमा गाभ्ने हो भने नाम नेपाल राखौं, भाषा नेपाली बोलौं अनि झण्डा पनि नेपालकै प्रयोग गरौं! भनेर कुटिलतापूर्ण जवाफ दिएको थियो र राष्ट्रियताको सवालमा राजा महेन्द्र दुर दृष्टिगामी राजा भएको यो घटनाले पुस्टि हुन्छ र २०५२ सालदेखि सुरु भएको १० बर्से माओवादी सशस्त्र आन्दोलनले सामन्ती एकतन्त्रीय राजतन्त्र बिस्थापित गरि देशले गणतन्त्रात्मक राजनैतिक नेतृत्व पाएर देश र जनताले आर्थिक(सामाजिक पुनर्सचनासहित शक्तिशाली राजनैतिक नेतृत्वको अपेक्षा गरेका थिएर तर धेरै समयसम्म जनताको उक्त सपना साकार भएनर छ छ महिनामा सत्ताको नेतृत्वमा परिवर्तन हुँदा राष्ट्रिय राजनैतिक नेतृत्व सधैं कम्जोर रह्यो र हुन त नेपालको राष्ट्रिय(नेतृत्वमा प्रत्यक्ष(अप्रत्यक्ष रुपमा भारतकै दबदबा रहँदै आएको छर २००७ साल देखि हालसम्म यो स्थिति कायमै छर नेपालको भू(राजनैतिक परिस्थितिको कारण भारतसंग सधैं निर्भर हुनुपर्ने बाध्यात्मक परिस्थिति भयपनि देशको अन्तरिक राष्ट्रिय राजनैतिक मामिलामा हस्तक्षेपकारी भूमिका खेल्न दिनु नेपाली राजनैतिक नेतृत्वको स्वाभिमानहीन नालायकीपन हो र नेपालको तर्फबाट भारत संगको द्विपक्षीय वार्तामा आफ्ना एजेन्डा दरोका साथ राख्ने गरेको देखिएनर शुरुदेखि नेपालको तर्फबाट भारतसंगको द्विपक्षीय वार्तामा आफ्ना एजेन्डा दरोकासाथ राख्ने गरेको देखिएनर भारतकै चल-खेल र योजनामा यहाँका राजनैतिक नेतृत्व र सत्ता परिवर्तन भैरहेर यसको लागि नेपाली राजनैतिक पार्टी र नेताहरु सत्तालोलुपताको कारण जे जस्तो सम्झौता गर्न पनि तयार भएर परिणामतस् नेपालले आफ्ना भूभाग मात्र होइन कोशी, महाकाली, तनकर्पु जस्ता नदीहरु समेत गुमाउनु पर्यो ।

बिस्वमा नेपाल जस्तै भुपरिवेस्थित र भौगोलिक बिकट भएका क्युबा, उ. कोरिया, स्विज़रलैन्द, सिंगापुर जस्ता साना राष्ट्रहरु धेरै छन् तर रास्ट्रियताको सवालमा ती राष्ट्रहरु सधैं मजबूत नै रहे र कारण त्यहाँको राष्ट्रिय नेतुत्व सधै दुरदर्शी, राष्ट्रवादी, राष्ट्रप्रेमी जनताहितैषी थिए र राष्ट्रिय नेतृत्वमा देशको स्वाधीनता र सार्वभौमिकतालाइ अतिसंवेदनशील प्राथमिक विषयको रुपमा लिएर सासन(सत्ता चलाउने इच्छाशक्ति संधै हावी रहेर त्यसैले अमेरिका(युरोप जस्ता शक्तिशाली राष्ट्रहरु सामु कहिले झुकेनन्, सम्झौतापरस्त, आत्मसमर्पनवादि भएनर बरु आर्थिक, सामाजिक, राजनैतिकरुपमा आफुलाई विकास गरि मजबूत राष्ट्रहरुको रुपमा बिस्वासामु उभ्याउन सफल भए र नेपालका नेताहरु, राजानिक दल, पार्टीहरुले पनि ती राष्ट्रहरुबाट नेपालको स्वाधिनता, सार्वभौमिकता जोगाउन केहि पाठ सिक्ने कि ...? अतस् भौगोलिक विकटता र भू(राजनैतिक परिस्थिति छिमेकी शक्ति(राष्ट्रहरुसंग दबिएर सम्हौतापरस्त हुनुपर्ने, आफ्नो राष्ट्रिय स्वाभिमान, स्वाधीनता र सार्वभौमिकता गुमानुपर्ने कुनै कारण होइनर मात्र राष्ट्र(प्रेम र देशानुरागले ओत(प्रोत इच्छाशक्तिको खाँचो हो र बुद्धको देशानुराग उद्घोष मातृभूमिको हावा समेत मलाई सुखदायक छ यहानिर अति सान्दर्भिक भएको देखिन्छ ।

# बन्दाबन्दीको कहरमा बालबालिका र अभिभावकको उत्तरदायित्व

दामोदर अर्याल

विश्वभर माहामारीको रुपमा लिएको कोरोना भाइरसबाट बच्नको लागि गरिएको बन्दाबन्दीको कारण घरमै लामो समय बिताउँदा बालबालिकाको मनस्थितिमा हुनसक्ने कोरोना भाइरसको त्रास परेको हुनसक्छ । उस्तो त्रासदीबाट बालबालिकाहरुलाई जोगाउनु अत्यन्त जरुरी हुन्छ । कोरोना भाइरसको सम्भावित जोखिमका कारण जारी लकडाउनका बेला घरमा बसेर बालबालिकालाई कसरी सकारात्मक र रचनात्मकरुपमा व्यस्त बनाउने भन्ने आम अभिभावकहरुमा चासोको विषय बनेको छ ।

कोरोना भाइरसका बिश्वव्यापी सङ्क्रमणबारे जे यथार्थ,सत्यरतथ्य छ त्यो बालबालिकाहरुलाई भनि दिने र आधिकारिक नभएका सञ्चार माध्यममा आउने अनावश्यक समाचार र अफवाहबाट बालबालिकाहरुलाई जोगाउनु पर्छ । स्वभावैले बालबालिकाहरु चन्चले, छुकछुके र उत्सुकताका साथ नयाँ कुरा जान्ने जिज्ञासु हुन्छन् । यस्तो अवस्थामा अभिभावकहरुले उनीहरुलाई गम्भीरताका साथ कुरा बुझाएर आफ्नो नियन्त्रणमा राख्न सक्छन् । अभिभावकहरु बालबालिकाको उक्त जिज्ञासालाई तनाव सम्झने र चर्को स्वरमा उनीहरुलाई हप्काउने पनि गरेको पाईन्छ । बाल मस्तिष्क नयाँ कुरा जान्ने र बुझ्ने कृयामा लागेको हुन्छ । घरमै लामो समय बिताउँदा बालबालिकाका पर्ने परिवेशमा के के कुराहरु गर्न हुन्छ र के के कुरा गर्न हुदैन भन्ने उसलाई ज्ञान हुदैन । बिषम परिस्थितिको बारेमा बोध गराउने र सम्झाउने दायित्व अभिभावकको नै हो । यो बिषम परिस्थीतिको बारेमा सम्झाउदै नसम्झाई बालबालिका प्रति झर्कनु, चिच्याउनु कत्तिको कुशल अभिभावकको दायित्व हो । अभिभावकले आफ्ना कुरा लादेर बालबालिकाको मष्तिस्कलाई नियन्त्रणमा राख्न उपयुक्त हुदैन । लामो समय एकान्तमा बस्दा वा महामारीका समयमा मानिसमा तनाव हुने, बाहिर जान नपाउने हुँदा डर लाग्ने, आत्तिने, छटपटी हुने हुनु स्वभाविक भएकाले आफूलाई व्यस्त बनाएर दिमागलाई ठीक ठाउँमा राख्ने वातावरण सिर्जना गर्दै सिंगो परिवार प्रति नै नकारात्मक धारणा बढ्दै जान नदिन साबधानी अपनाउनु पनि अभिभावकको दायित्व हो ।

बिश्वभरमा फैलँदै गएको यो महामारीबाट आफू पनि बाँच्न र अरुलाई पनि बचाउँन सुरक्षित तबरले आफ्नो मानसिक हिसाबले आफ्नो मन बलियो बनाउनु पर्ने मनन गर्दै बालबालिकाहरुलाई बिशेष ध्यान दिनु पर्दछ । समय परिस्थिति अनुसार घरभित्रै रहेर गर्न सकिने सामान्य शारीरिक व्यायम, योग, ध्यान, सरसफाई, अनुभव आदान प्रदान, अध्ययन, गित-संगित, भजन, प्रबचन आदिबाट आफू र आफ्नो परिवारलाई सबैले सुरक्षित हुने, श्रृजनशील कार्यमा लगाउने गर्नु पर्दछ । हामीले बालबालिकालाई कुनै रचनात्मक काम गरेर समय बिताउने,समूह मै सहभागी गराएर खेलाउने गर्न पनि गर्न सकिन्छ । सुत्ने, खाने, खेल्ने, मनोरञ्जन गर्ने, योग गर्ने समय नियमित तर्जुमा गरी व्यस्त बनाउने, विद्युतीय सामग्री र सामाजिक सञ्जालमा धेरै नभुल्न बरु पिनायो,मादल लगाउतका बाध्यबादनको सामग्री बजाउन सिकाउने,लगाउने,लुडो, चेस पनि खेलेर समय बिताउन सकिन्छ ।

सामाजिक सञ्जालमा महामारीका समयमा बालबालिकाको दिमागमा असर हुने खालका सामाग्री तथा समाचार आइरहने हुँदा त्यस्तोबाट टाढा रहन आग्रह गर्दै बालबालिकालाई नियमित सिर्जनशील बनाउन अभिभावकले ध्यान दिनु जरुरी हुन्छ । यो समयमा पारिवारिक मिलन, सन्तुलन र एक आपसमा माया ममता बाँडीचुँडी गर्दै सम्यमताका साथ रमाईलोसंग बस्यौं भने कोरोनाको संक्रमणबाट बाँच्न र बचाउन मात्रै होईन अहिलेसम्म सबै परिवार मिलेर नगरेका अन्य धेरै किसिमका कामहरु गरी फरक पारिवारिक जीवनशैली र संस्कारबाट अघि बढ्ने अवसरको रुपमा पनि लिने गर्नु पर्दछ । आफुले पठनपाठन गर्ने विद्यालय बन्द भएको कारणले घरमा बस्न बाध्य बालबालिकाहरुलाई सिर्जनशील बनाउने वा झर्केर उनीहरुलाई मनोसामाजिक समस्यामा पार्ने अभिभावक बन्ने रोजाई स्वयम् अभिभावकको हो भन्ने कुरा हेक्का राख्नुपर्दछ । असहज परिस्थितिमा कसरी सकारात्मक अभिभाक बन्न सकिन्छ भन्ने थाहा नभएको अवस्थामा अधिकांस अभिभावकहरु नचाँहदा नचाँहदै,नजान्दा नजान्दै आफ्ना बालबालिकालाई पीडा पुराईरहेका हुन सक्छौं यस्तो बिषम परिस्थितिमा हरेक अभिभावकले आफ्ना बालबालिकाहरु कहाँ के गर्दै छन् भन्ने बारेमा चनाखो हुनु पनि पारिवारिक बोध तथा अभिभावकत्व हो । कोरोनाले मानव जीवनमा पारेको नकारात्मक असरको समाचार सुनि बालबालिकाकै सामुन्ने आत्तिने, नराम्रा शब्दहरु प्रयोग गर्ने,ओहो अब त खत्तम हुने भो जस्ता नकारात्मक र निराशाजनक शब्दहरु बालबालिकाको सामु प्रयोग गर्नाले मनोसामाजिक समस्या हुनबाट पनि सक्छ त्यसैले अभिभावकहरुले बालबालिकालाई सकारात्मक कुराहरुको बारेमा बताउने गर्नुपर्दछ । साबुनपानीले राम्रोसँग हातधुने, सेनिटाईजर,डेटोलको प्रयोग, सफा कपडा लगाउने, नङकाट्ने, नियमित ब्रस गर्ने, नुहाउने, आदि कुराहरुको साथै व्यक्तिगत र पारिवारिक सरसफाईले मानव जीवनमा नकारात्मक असर पार्ने कोरोना लगायतको भाईरस,किटाणु र जीवाणुबाट जोगिन सकिन्छ भन्ने बोध गराउनु पनि अभिभावकको दायित्व हो ।

शरिरीक अवस्था र उमेरका आधारमा प्रसस्त पानी, पोषणयुक्त, हरियो तरकारी,साग, दुध र घरायसी खाजाको महत्व र पोषणयुक्त व्यवस्थित खानपानले मानव जीवनमा पार्ने सकारात्मक र नकारात्मक प्रभावका बारेमा बालबालिकालाई बोध गराई रोग प्रतिरोधात्मक क्षमता बढाउने र स्वास्थ्य भएर बाँच्न पोषिलो र सन्तुलित खानाको महत्वपूर्ण योगदान हुने बारे बालबालिकालाई पनि अभिभावकको दायित्व हो । बाल अधिकारका पक्षहरु शारीरिक विकास, मानसिक विकास, बौद्धिक विकास र संवेगात्मक विकास हुने खालका खेलहरु मित्रवत व्यवहार गरी रमाईलो गर्ने पाउने अधिकारहरुलाई पनि ध्यान दिनु पर्ने हुन्छ । आफ्ना बालबालिकाका धेरै कुराहरु रुची, जिज्ञासा, मनोभावना बुझ्ने र नजिक हुनु संगै खेल खेल्दा उनीहरुका मन भित्रका कुरा बुझ्न सकिने र उनीहरुलाई हौसला पनि दिन सकिन्छ भन्ने कुरा अभिभावकले सदैब ख्याल गर्नु पर्दछ । कुशल अभिभावकले आफ्ना बालबालिकाहरुसंगै बसि कुन बेला पढ्ने, कुन बेला आफ्ना साथीहरुसँग नेटमा वा फोनमा कुरा गर्ने, कुन बेला खाने, कुन बेला खेल्ने, कुन बेला कथा भन्ने र सुन्ने, कुन बेला रचनात्मक कृयाकलापहरु जस्तै नाँच्ने, गाउने, चित्रकला, कविता, लेख, रचना, कथा बनाउने लगायतका कुराहरु समावेश गरी उनीहरुकै सहभागितामा दैनिकी बनाउन प्रयास गर्न गर्नुपर्दछ । अभिभावक नै बालबालिकाको पहिलो साथी हुन् भन्ने बालबालिकालाई बोध गराउनु पर्ने समेत हुन्छ । बाल मनोविज्ञानमा पनि बालबालिकाको मनको कुरा बुझ्न अभिभावकले पनि बालबालिकाले भनै व्यबहार गर्नुपर्दछ । बालबालिकालाई मन पर्ने सिप सिकाउने र बालबालिकालाई उचित रुपमा सामाजिकिकरण गर्नु अभिभावकको अर्को महतजपर्णु उत्तरदायित्व हुन्छ । बालबालिकालाई सिर्जनात्मक र स्वाबलम्बी बनाउन,उनीहरुलाई नैतिकवान र व्यवहारिक बनाउनका लागि आफू सँगसंगै घरका सामान्य भान्साको काम चिया पकाउने, दुध उमाल्ने, तरकारी काट्ने, खाना बनाउने, करेसाबारीको काममा लगाएर पनि बालबालिकाहरुलाई जोखिम हुनबाट जोगाउन सकिन्छ । शारीरिक र मानसिक रुपमा स्वास्थ्य हुन व्यायाम आवश्यक हुन्छ भन्ने बारेमा अभिभावकले उनीहरुलाई बोध गराउदै दैनिकी बनाउँदा यसलाई समेत अभिभावकले विशेष ध्यान दिन जरुरी हुन्छ । बालबालिकासँग बढी घुलमिल भई उनीहरुको विचार, ईच्छा र आवश्यकताको आधारमा सघाउन सकिन्छ । टिभी हेर्ने र मोबाईलमा गेम खेलेर एक्लोपन महसुस गरिरहेका बालबालिकाको लागि शारीरिक व्यायाम र योग गर्ने गर्नाले उनीहरुमा स्फुर्ति पैदा भई संयम, सालिन र आटिलो व्यक्तित्व बन्न उत्प्रेरणा दिने साथै बालबालिकासँग नजिकमा रहेर अहिले बालबालिकाहरु रुचाउने र अधिकाशं समय बिताउने संचार माध्यमहरु अनलाईन र ईन्टरनेटबाट हुने संम्भावित जोखिमको बारेमा समेत जानकारी गराई जोगाउन सकिन्छ ।

दिनभर बालबालिकाहरुलाई एक्लै नछाडने,सकेसम्म पाको मान्छेसँगै राख्ने,बरु, खेत बारी वा बाहिर जाँदा आफ्नो बालबालिकाहरूलाई सँगै लिएर जाने,बालबालिकालाई समय दिने,सँगै खेल्ने बालबालिकालाई घरमा मातृ भाषामा बोल्न सिकाउने गरेर पर्ना बालबालिकाहरुलाई जोखिमबाट जोगाउन सकिन्छ । बालबालिकाले गरेका कामहरुमा हौसला दिने, प्रशंसा गर्ने, आहा कति राम्रो भन्ने जस्ता उत्प्रेरणा जगाउदै जानु पर्ना सकारात्मक अभिभावकको भूमिका हो । बालबालिकामा पर्न सक्ने समस्या र जटिलताको अन्त्यको लागि हरेक अभिभावकले आफ्ना बालबालिकासँग भावनात्मक रुपमा नजिक हुनै पर्दछ । उनीहरुले वास्तविक समस्या थाहा नपाएको अवस्थामा हामी अभिभावक उनीहरुबाट भावनात्मक रुपमा टाढा हुन पुग्छौं । उनीहरुलाई माया गरेर सम्झाउन र बुझाउन सकिन्छ भन्ने भावना लिनुपर्दछ र यसो गर्न सक्नु पारिवारिक सकारात्मक उत्तरदायित्व र अभिभावकत्व हो ।

*लेखक: २ दशक देखि बालबालिकाको क्षेत्रमा कार्यरत हुनुहुन्छ ।*

# सिन्धुपाल्चोकमा थपिँदैछ मापदण्ड अनुसारका भव्य क्वारेन्टाइन



सिन्धुपाल्चोक । सिन्धुपाल्चोकमा कोरोना भाइरस(कोभीड १९) को संक्रमण बढ्दै जाने संकेत देखिएपछि क्वारेन्टाइनको संख्या बढाइने भएको छ । सरकारी स्तरबाट सञ्चालित तीन वटा क्षेत्रीय क्वारेन्टान्नमा समेत विरामीहरुलाई राख्न समस्या भएपछि अरु थप क्वारेन्टाइन स्थापना गरिने भएको हो । सरकारले जारी गरेको क्वारेन्टाइन सञ्चालन सम्बन्धी मापदण्ड अनुसार यस अघि जिल्लामा तीन क्षेत्रलाई लक्षित गरेर तीन वटा क्षेत्रीय क्वारेन्टाइन सञ्चालन गरिएको थियो । तर यो संख्याले मात्रै अपुग भएपछि क्षेत्रीय स्तरका अरु पनि क्वारेन्टाइन थप गर्न लागिएको जिल्ला समन्वय समितिका प्रमुख कृष्णगोपाल तामाङले जानकारी दिए । यस अघि मेलम्ची,लामोसाँघु र चौतारमा क्षेत्रीय स्तरका क्वारेन्टाइनहरु सञ्चालनमा थिए । जिल्लामा कोरोनाको संक्रमण फैलीने सकेत देखिएपछि सुविधासम्पन्न क्वारेन्टाइनको संख्या थप गर्न लागिएको सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिए ।

भोटेकोशी,ि त्रपुरासुन्दरी, लिसंखुपाखर, सुनकोशी गाउँपालिका र बाह्रविसे नगरपालिकाका स्थानीयमा कोरोना आशंका भएमा उनीहरुलाई राख्नका लागि सुनकोशी गाउँपालिकाका ग्रामीण महिला सिर्जनसिल परिवारको भवनमा क्षेत्रीय क्वारेन्टाइन स्थापना गरेर हाल सञ्चालन भइरहेको छ । अब यो क्वारेन्टाइनले मात्रै अपुग भएपछि अर्को पनि क्षेत्रीय क्वारेन्टाइन स्थापना गर्न लागिएको लिसंखुपाखर गाउँपालिकाका अध्यक्ष कमल नेपालले जानकारी दिए ।

क्षेत्रीय स्तरको क्वारेन्टाइनमा सरकारी मापदण्ड अनुसार नै सञ्चालनमा ल्याइने तयारी स्थानीय सरकार र जिल्ला स्तरीय क्वारेन्टाइन सञ्चालन समितिले गरेको छ । सुनकोशी गाउँपालिका-७ मा रहेको सेतीदेवी शारदा माविको भवनमा एक सय बेड क्षमताका क्वारेन्टाइन स्थापना गर्न लागिएको सुनकोशी गाउँपालिकाका अध्यक्ष श्रवणकुमार जिसी(विनोद)ले जानकारी दिए ।

क्षेत्रीय क्वारेन्टाइनका लागि छ वटै स्थानीय सरकारले पहिलो चरणमा दुइरदुइ लाख रुपियाँ सहयोग गर्ने र उक्त रकम सुनकोशी गाउँपालिकाका खातामा जम्मा गरेर त्यहीबाट खर्च गरिने गरेर निर्णय गरेको सुनकोशी गाउँपालिकाका अध्यक्ष जिसीले जानकारी दिए ।

सेतीदेवी शारदा माविमा सञ्चालन हुने क्वारेन्टाइनको व्यवस्थापनका लागि सुनकोशी गाउँपालिकाका अध्यक्ष श्रवणकुमार जिसीको संयोजकत्वमा मुल निर्देशक समिति गठन गरिएको छ । समितिमा ६ वटै स्थानीय सरकारका प्रमुखहरु सदस्य रहने व्यवस्था भएको बलेफी गाउँपालिकाका अध्यक्ष केदार क्षेत्रीले जानकारी दिए । यस अघि पनि सिर्जनशिल परिवारको भवनमा सञ्चालन भएको क्षेत्रीय स्तरको क्वारेन्टाइका लागि सबै स्थानीय सरकारले ५-५ लाख सहयोग गरेका थिए ।



## प्रधानमन्त्रीद्वारा ...

प्रभावित हुने सबै वर्ग र क्षेत्रका नागरिकको अभिभावकत्व सरकारले लिने उल्लेख गर्दै सबैभन्दा पहिले जनतालाई महामारीबाट बचाइने र सँगसँगै रोजीरोटीको जोहो पनि सरकारले गर्ने जनाएका छन् ।

सर्वसाधारण जनता र कमजोर वर्गलाई यथासम्भव सामाजिक संरक्षण प्रदान गर्ने, यस समस्याबाट प्रभावित निजी क्षेत्रलाई प्रोत्साहन उपलब्ध गराउने, कृषक तथा आम श्रमिकहरूको आय निरन्तरताका लागि आवश्यक व्यवस्था सरकारले गर्नेछ । 'मैले पहिले नै घोषणा गरिसकेको छु- आफैंलाई जोखिममा राखी उपचारमा संलग्न चिकित्सक तथा स्वास्थ्यकर्मीहरू र नागरिक सुरक्षामा अहोरात्र खट्ने सुरक्षाकर्मी जस्ता यस युद्धको अग्रपंक्तिका योद्धाहरूको व्यक्तिगत र व्यावसायिक सुरक्षामा कुनै कमी हुन दिइनेछैन । उहाँहरूको हिफाजत सरकारले हरतरहले गर्नेछ,' प्रधानमन्त्री ओलीले आफ्नो शुभकामना सन्देशमा भनेका छन् ।

संकटको यस घडीमा जनताको घरआँगनमै पुगेर सेवा पुऱ्याइरहेका स्थानीय जनप्रतिनिधिहरूप्रति प्रधानमन्त्री ओलीले उच्च सम्मान व्यक्त गरेका छन् । स्थानीय तहहरूलाई जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थापित गरिएको उनको भनाइ छ । आफ्नो प्रदेशको विशिष्ट अवस्था र चुनौतीलाई हेरेर प्रभावकारी ढंगले सम्भाव्य संक्रमणको सामना गरिरहेका प्रदेश सरकारहरूको भूमिकालाई समेत उनले प्रशंसा गरेका छन् ।

'रोजगारी गुमाएर बिहान साँझको छाक टार्न कठिन भएका, अपांगताका कारण औषधिलगायत अन्य अत्यावश्यकीय सुविधाको पहुँचबाट टाढा रहनुभएका, वृद्धावस्थामा रहनुभएका र विभिन्न हिसाबले असहज अवस्था भोगिरहनुभएका विपन्न र असहाय दाजुभाइ दिदीबहिनीहरूसमक्ष स्थानीय सरकारहरू स्वयं राहत लिएर पुग्नेछन्,' प्रधानमन्त्रीले उल्लेख गरेका छन् । जनताबाट निर्वाचित सरकार नै संकटको सामना गर्ने नेतृत्वदायी संस्था रहेको बताउँदै उनले तीनै तहका सरकारहरूले सम्बद्ध सबैका सुझावलाई ध्यानमा राख्दै यस असामान्य अवस्थाको प्रभावकारी ढंगले सामना गर्ने प्रधानमन्त्री ओलीले भनेका छन् । कुनै पनि युद्धमा विजयका लागि आत्मविश्वास, मनोबल र एकता सर्वाधिक महत्वपूर्ण हतियार रहेको उल्लेख गर्दै उनले आत्मविश्वास गुमेको र आत्मबल खस्किएको सेनाले जतिसुकै आधुनिक संशाधनबाट सज्जित भए पनि युद्ध जित्न नसक्ने बताए । 'आगामी वैशाख ३ गते लकडाउनको दोस्रो समयावधि पूरा हुन्छ । यिनै दुई दिनको अवधिमा हुने प्रगतिको आधारमा कोरोना-महामारीविरुद्धको हाम्रो नीति कस्तो हुने भन्ने सरकारले निर्णय गर्नेछ । ढुक्क होऔं, कस्तै प्रतिकूल अवस्थामा पनि आपूर्ति प्रणालीलाई कमजोर हुन दिइनेछैन,' प्रधानमन्त्री ओलीले भने ।

## राहत ...

अध्यक्ष ढुङ्गानाले यस क्षणमा पारदर्शी भएर, जनतालाई उत्साहित बनाउँदै सबैलाई साथ लिई अघि बढ्न सरकारसँग आग्रह गर्नुभएको छ । नेविसङ्घलाई अझ बढी प्रशिक्षित र अनुशासित सङ्गठनका रुपमा रुपान्तरण गरी वर्तमान समयका हरेक चुनौतीहरुको सामना गर्दै देशका सम्पूर्ण विद्यार्थीहरुको आशा र भरोसाको केन्द्रका रुपमा नेविसङ्घलाई स्थापित गर्न उहाँले सबैलाई आह्वान गर्नुभएको छ ।

नेविसङ्घले शैक्षिक केन्द्रका रुपमा रहेका देशका विभिन्न सहरमा डेरा गरी बसेका विद्यार्थीलाई राहत वितरण गरेर आफ्नो स्थापना दिवस मनाउँदै छ । कोरोना भाइरसको सङ्क्रमण फैलिएको वर्तमान विषम परिस्थितिमा रक्तदानलगायत विभिन्न रचनात्मक कार्यक्रम गरी स्थापना दिवस मनाउन सम्पूर्ण जिल्ला समिति, क्याम्पस इकाई र उच्च माध्यामिक विद्यालय एकाइहरुलाई परिपत्र गरिएको छ । स्थापना दिवसका अवसरमा सामाजिक सञ्जालका माध्यमबाट तथा उपलब्ध प्रविधिको प्रयोग गरी सचेतना मूलक कार्यक्रम, गोष्ठी, छलफल तथा अन्तर्क्रिया गर्नसमेत परिपत्र गरिएको अध्यक्ष ढुङ्गानाले जानकारी दिनुभयो । नेविसङ्घले उक्त सबै कार्यक्रम सञ्चालन गर्दा स्थानीय प्रशासनसँग समन्वय गरी, समाजिक दुरी कायम गर्दै सबै खाले सुरक्षा सावधानी एवं सङ्क्रमण सर्तकता अपनाउँदै सम्पन्न गर्नसमेत मातहतका समितिलाई निर्देशन गरेको छ ।

## गांठो ..

गुज्रिएको छ । यस्तै, हदम्यादको समस्या पनि उस्तै छ । प्रशासनिक निर्णयले मात्र कार्यसम्पादन गर्दा कानुनी प्रश्न उठ्ने भन्दै इजलासबाट व्याख्या गर्न लागिएको हो ।

लकडाउनका कारण ५५ दिनदेखि सेवाग्राहीबिनै अदालतमा बहस भइरहेका छन् । लकडाउनपछि हदम्याद नाघेको मुद्दा र म्याद गुज्रेका मुद्दा धेरै छन् । अदालतमा रहेका प्रशासनिक र हदम्याद नाघेका र तारेख गुज्रिएका म्यादलाई के गर्ने भन्ने विषयमा अन्योल बढिरहेको बेला अदालतको रिट महाशाखाले प्रतिवेदन तयार बनाएर इजलासमा पेस गरेको थियो ।

नेपाल बारका अध्यक्ष चण्डेश्वर श्रेष्ठ, सर्वोच्च बारका अध्यक्ष खगेन्द्र अधिकारी, सर्वोच्च बारका तर्फबाट वरिष्ठ अधिवक्ताद्वय हरिहर दाहाल र शम्भु थापालाई एमिकस क्युरीका रूपमा तोकेको थियो । उनीहरूले बहसमा अहिलेको अवस्थामा सर्वोच्चको आदेशबाटै निकास दिनुपर्ने बताएका छन् ।

बहसका क्रममा वरिष्ठ अधिवक्ताहरू दाहाल र थापाले अहिले अध्यादेश जारी हुन नसक्ने र नयाँ कानुन पनि बनाउन समय लाग्ने भएकाले अदालतले नै व्याख्या गर्नुपर्ने तर्क अघि सारेका छन् ।

सर्वोच्च अदालत बार एसोसिएसनले संविधानको धारा १३३ अनुसार सर्वोच्च अदालतले विशेष व्याख्याबाट अहिलेको अन्योल सम्बोधन गर्नुपर्ने भनी बहस नोट पेस गरेको छ ।

## अप्ठ्यारो ...

श्रमिक, बेरोजगार एवं डेरा बसेका विद्यार्थीका लागि पर्याप्त राहतको ब्यवस्थित योजना निर्माण र कार्यान्वयन गर्न किन सकिन्न ?" विज्ञप्तिमा भनिएको छ । उहाँले नागरिकलाई कोरोनाको संक्रमणबाट जोगाउन परीक्षणको दायरा व्यापक बनाउन र भोकमरीबाट जोगाउन पर्याप्त राहतको व्यवस्था गर्न सरकारलाई अपिल गर्दै सचेत समेत गराए । प्रवक्ता शर्माले भनेका छन् "अघिल्तिरको स्थिति देखिन्छ भने देख्नुपर्‍यो सरकार । सुनिन्छ भने सुन्नुपर्‍यो । बुझिन्छ भने बुझ्नुपर्‍यो । गम्भीर परिस्थितिको गहिरो समीक्षा गर्दै उच्च व्यवहार कुशलता साथ सरकारले कार्य गरोस्, सङ्कटमा साथ रहेको प्रतिपक्षि दल सरकारलाई सचेत गराउँदछ ।"

## रोग ...

भएको छ । यस्तै, मुटु रोगी, दम, मधुमेह, क्यान्सर र मिर्गौलापीडित मारमा परेका छन् ।

कोभिड-१९ संक्रमणको जोखिम बढ्नुअघि सबैभन्दा पुरानो अस्पताल वीर अस्पतालमा दैनिक १ हजार बढी बिरामी आउँथे । त्रिवि शिक्षण अस्पतालमा दैनिक १ हजार २ सय बढी बिरामी उपचारका लागि आउने गरेका थिए । तर, हाल त्रिवि शिक्षण अस्पतालमै संक्रमण पुष्टि भएपछि अस्पतालमा स्वास्थ्य सेवा आंशिक रूपमा प्रभावित भएको छ ।

यस्तै, जिल्लाका अधिकांश सरकारी तथा निजी अस्पतालले सेवाप्रवाह नगरेको बिरामीबाट गुनासो आउन थालेको छ । सरकारले सबै अस्पतालको सेवा बन्द नगर्न आग्रह गर्दै आए पनि कार्यान्वयनमा आउन सकेको छैन । जसकारण, बिरामी घरमै रोग पालेर बस्न विवश छन् । सरकारले बिरामीका लागि ठोस कार्ययोजना बनाउन सकेको छैन ।

काठमाडौं उपत्यकाका ठूला अस्पताल र जिल्लामा रहेका अस्पतालले स्वास्थ्य सेवा सहज ढंगले प्रवाह नगरेको पाइएको छ । बिरामीलाई अस्पतालसम्म पुग्नै समस्या छ भने अस्पताल पुगे पनि सेवा सजिलैसँग पाउन नसकेको गुनासो गर्न थालेका छन् ।

धादिङबेंसी घर भएका हरि लम्साल एक्कासि मुटु दुखेपछि काठमाडौं पुगे । तर, अधिकांश अस्पताल चाहर्दा सेवा पाउन सकेनन् । यस्तै, नियमित मिर्गौला डायलायसिस गर्दै आएकाहरु पनि समस्यामा परेका छन् । प्यूठानकी ४५ वर्षीया तारा बस्नेतले भनिन्, 'ममा एकदमै मुटु दुख्ने समस्या छ । काठमाडौंमा अस्पताल खुल्दैन होला । आए पनि सजिलै सेवा पाइँदैन होला ।'

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा. समीर अधिकारीले अस्पतालले ओपीडी सेवा बन्द गर्न नमिल्ने बताए ।

तपाइलाई कुनै फर्निचरका सामानहरु चाहिएको छ ?
हामीलाई सम्झनुहोस्

बालकन्या फर्निचर उद्योग

मन्थली–१, रामेछाप

यहाँ फर्निचरका सम्पूर्ण सामाग्रीहरु पाइन्छ जस्तैः टेबल, कुर्सि, सोफाका साथै अफिस र पसलको सम्पूर्ण डेकोरेशन गरिन्छ । अर्डर अनुसारको घर तथा अफिसको सम्पूर्ण सामान उपलब्ध गराइन्छ ।

प्रो. खुम्ब बहादुर श्रेष्ठ
मोबाइलन नं.: ९८५४०४०२१२, ९८४४२६७२१२ ९८६४२३७२३५







जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस